का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ कात्तिक २०८२
शुक्रबार
14 November 2025
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक २७४ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

एमाले रणनीति

# बाहिर चुनावको विरोध भित्र तयारी



सरकारले नै नगराउने चुनावमा भाग लिन्छौं भन्नु कति जायज कुरा होला ? तर चुनाव भयो भने एमालेले बहिष्कार गर्दैन । त्यसको तयारी महाधिवेशन अघि र पछि सँगसँगै हुन्छ ।

**प्रदीप ज्ञवाली**
उपमहासचिव



एमाले चुनावबाटै समाधान खोज्ने पार्टी हो । साँच्चै समस्या समाधान खोज्ने हो भने प्रतिनिधि सभा पुनर्स्थापना गरेर शासकीय स्वरूपसहित संविधान संशोधनपछि निर्वाचनमा जाने भन्ने प्रस्तावमा छौं ।

**कर्णबहादुर थापा**
स्थायी कमिटी सदस्य

**जीवन शर्मा/ मध्यान्ह**
काठमाडौं, २७ कात्तिक

नेकपा (एमाले)लाई अहिले आमरूपमा चुनावविरोधी दलका रूपमा हेरिएको छ । २१ फागुनमा आमचुनाव हुन नसक्ने भन्दै निर्णय नै गरेर एमाले विघटित प्रतिनिधि सभाको पुनर्स्थापनाको पक्षमा उभिएको छ। संसद् विघटन असंवैधानिक भन्दै जनपरिचालनमा उत्रिएको सो दल झट्ट हेर्दा चुनावविरोधी शक्तिका रूपमा देखिएको छ । तर भित्रभित्रै चुनावी तयारीमा उसैले सबैभन्दा धेरै गतिविधि गरिरहेको छ ।

सरकारले चुनाव नगराउने दाबी गरेर संसद् पुनर्स्थापनालाई प्राथमिकतामा राख्ने निर्णय लिएको एमालेले आफ्ना सम्पूर्ण संगठनलाई भने भूगोलमा खटाइसकेको छ। झट्ट हेर्दा एमाले चुनावप्रति अनिच्छुक र भाँड्न लागेको देखिएको छ। आन्तरिक रूपमा भने कार्यकर्ता पंक्तिलाई एकठाउँ ल्याएर जनमत जोगाउने प्रयत्नमा छ । संसद् विघटनलाई प्रतिगामी षड्यन्त्र भनेको एमालेले त्यसविरुद्ध देशैभरि जनपरिचालन गरेको नेताहरू बताउँछन् । यद्यपि पार्टीको पहिलो सर्त संसद् पुनर्स्थापना भए पनि सरकारले चुनाव गराउने अवस्था आएको खण्डमा चुनावबाट नभाग्ने रणनीतिमा एमाले अघि बढेको सन्देश दिएको हो ।

एमालेको जनपरिचालन कार्यक्रमअन्तर्गत गत कात्तिक २२ गते देशका ७ सय ५३ वटै पालिकामा जनप्रदर्शन गरिसकेको छ । कात्तिक २९ गते जिल्लास्तरीय आमसभा र मंसिर ६ गते काठमाडौंमा हुने जनप्रदर्शनलाई आगामी महाधिवेशनको प्रचारका रूपमा रहने एमालेले जनाएको छ। संसद् विघटन प्रतिगामी षड्यन्त्र भएको निष्कर्षसहित त्यसविरुद्ध देशैभरि जनपरिचालन गरेको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए । वडा, पालिका, जिल्ला र राष्ट्रिय रूपमा जनप्रदर्शनका कार्यक्रम घोषित रूपमै अघि बढाइएको उनले मध्यान्हसँग भने ।

भदौ २४ गते भएको जेनजी आन्दोलनपछिको विकसित

»» पृष्ठ २ मा

## मंसिर १३ मा एकसाथ प्रतिनिधि चयन

एमाले महाधिवेशनका लागि मंसिर १३ गते देशभर एकसाथ प्रतिनिधि चयन हुँदै छन् । कुल २ हजार १ सय २७ प्रतिनिधि कायम गर्नेगरी यही कात्तिक १५ गतेको एमाले सचिवालय बैठकले निर्णय गरेको हो । पार्टी सदस्यताको संख्या अनुपातमा विभिन्न क्षेत्र छुट्याएर प्रतिनिधि चयनको मापदण्ड बनाइएको र उक्त मापदण्ड कार्यान्वयनका लागि मातहतका जिल्ला कमिटी र जनसंगठनले समन्वय सुरु गरेको एमाले कार्यालयले जनाएको छ ।

महाधिवेशनमा केन्द्रीय निकायबाट ४ सय ६४ प्रतिनिधि (केन्द्रीय कमिटी, आयोग र सल्लाहकार परिषद्बाट), प्रदेशस्तरीय कमिटीबाट कम्तीमा दुई महिलासहित

»» पृष्ठ २ मा

# मन्त्रीहरूको आएन सम्पत्ति विवरण

सुशासनको मागसहित जेनजी आन्दोलनको जगमा बनेको सरकारमा रहेकाहरूको व्यवहारमै सुशासनका मानक देखिनुपर्ने नागरिकका अपेक्षा स्वाभाविक हो । तर यसविपरीत वर्तमान मन्त्रिपरिषद्का कुनै पनि सदस्यले सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक

वर्तमान सरकार सुशासनका मागसहित भएको जेनजी आन्दालनको जगमा बनेको अन्तरिम सरकार हो। यो सरकारमा रहेकाहरूको व्यवहारमै सुशासनका मानक देखिनुपर्ने नागरिकका अपेक्षा स्वाभाविक हो । तर यसविपरीत वर्तमान मन्त्रिपरिषद्मा कुनै पनि सदस्यले सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन् ।

कानुनतः सार्वजनिक पदधारण गरेको ६० दिनभित्र सम्पत्ति विरवरण सम्बन्धित कार्यालयमा बुझाउनुपर्छ । मन्त्रीहरूको हकमा त्यसरी भने सम्पत्ति विवरण सार्वजनिक गर्ने अभ्यास छ। तर यस्तो विगतको अभ्यास यसपटक तोडिएको छ।

सुशीला कार्की २७ भदौमा प्रधानमन्त्री नियुक्त भएकी थिइन्। उनले ३० भदौमा तीन जना मन्त्री नियुक्त गरेकी थिइन्। जसअन्तर्गत पूर्वअर्थसचिव रामेश्वर खनाल अर्थमन्त्री भए । उनलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पनि जिम्मेवारी दिइएको छ । सोही दिन नेपाल विद्युत् प्राधिकरणका पूर्वप्रबन्धनिर्देशक कुलमान घिसिङ ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री भए। अधिवक्ता ओमप्रकाश अर्याल गृहमन्त्री भए ।

»» पृष्ठ २ मा

# खापुङलाई स्थानहद

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक

जेनजी आन्दोलनको घटना छानबिनका लागि गठित जाँचबुझ आयोगले नेपाल प्रहरीका पूर्वआइजिपी चन्द्रकुवेर खापुङलाई विदेश जान रोक लगाइएको छ । साथै खापुङले उपत्यका छाड्नसमेत अनुमति लिनुपर्ने भएको छ ।

२७ कात्तिकबाट अवकाश पाएका खापुङलाई भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगको बिहीबार बसेको बैठकले विदेश जान रोक लगाउने निर्णय गरेको हो। जेनजी पुस्ताको आन्दोलनका घटनाबारे जाँचबुझ गर्न सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा जाँचबुझ आयोग बनाएको थियो ।

उक्त आयोगल यसअघि पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकसहित पाँच जनाको विदेश भ्रमणमा रोक लगाउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरेको थियो। आयोगको सो निर्णयप्रति एमालेले



आपत्ति जनाएको छ । सरकारले नेताहरूलाई स्थान हद तोक्ने र पासपोर्ट रोक्ने निर्णय गरेर चुनाव नगराउन लागेको एमालेको निष्कर्ष छ । ओलीले उक्त निर्णयपश्चात् जाँचबुझ आयोग नै गैरकानुनी भएको भन्दै त्यस्ता आयोगमा सोधपुछका लागि बोलाइए पनि नजाने बताएका छन् ।

»» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# खुल्यो युएईको भिसा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ कात्तिक

करिब दुई महिनापछि युएईले नेपाली कामदारको भिसा जारी गर्न सुरुवात गरेको छ। भदौ अन्तिम साता नेपालमा भएको जेनजी आन्दोलनपछि युएईले अघोषितरूपमा नेपाली कामदारका लागि भिसा बन्द गरेको थियो ।

बिहीबार अर्थात् १३ तारिकदेखि कामदारको भिसा जारी भएको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् । संस्थागत अर्थात म्यानपावर कम्पनीबाट पेस भएका फाइलमा भिसा जारी भएको भएपनि भिजिट भिसामा युएई गएकाहरूको भने भिसा स्टाटस परिवर्तन नभएको बताइएको छ ।

जेनजी आन्दोलनपछि युएईमा हाल फ्रि जोन र अर्ध सरकारी गरी दुई क्षेत्रमा मात्रै नेपाली कामदारका लागि भिसा जारी गरिएको थियो । युएईले नेपाली कामदारको भिसा रोकेको औपचारिक रूपमा नेपाललाई जानकारी दिएको थिएन ।

नेपाली कामदारका लागि भिसा रोकेको जानकारी कूटनैतिक माध्यमबाट जानकारी नपाएको भन्दै नेपाली पक्ष पर्खेर बसेको अवस्थामा प्रधानमन्त्री सुशीला कार्कीले कूटनैतिक पहल गर्न परराष्ट्र सचिवलाई निर्देशन दिएकी थिइन् । भिसा जारी नभएको अवस्थाले नेपालले लामो समयका लागि प्रमुख रोजगार गन्तव्य गुमाउन सक्ने खतरा बढेकोमा वैदेशिक रोजगार व्यवसायी चिन्तित थिए ।

युएई नेपाली कामदारको प्रमुख गन्तव्य हो । अघिल्लो महिना भदौमा नयाँ २० हजार र रिइन्ट्री समेत गरी २५ हजार भन्दा बढी नेपाली कामदार गएका थिए। असोज र कात्तिक दुई महिना भने युएई जाने क्रम लगभग ठप्पको अवस्था छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलले भिसासम्बन्धी व्यवस्थालाई पूर्ववत् अवस्थामा फर्काउन नेपालस्थित

»» पृष्ठ २ मा

## पोर्चुगल पुगेर काम खोज्न पाउने भिसा बन्द, अन्य खुलै

### ठगीबाट बच्न नेपाली दूतावासको आग्रह

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २७ कात्तिक

पोर्चुगलले विदेशी कामदार भिसा सम्बन्धमा केही परिवर्तन गरेको छ। उक्त मुलुकमा केही समयअघि गठन भएको नयाँ सरकारले आप्रवासी कामदार नियमनमा परिवर्तन गरेको हो ।

गत अक्टोबर २२ मा सार्वजनिक भएको कानुनअनुसार त्यसअघि विदेशीलाई दिइने गरिएको जागिर खोज्ने भिसा बन्द गरिएको छ। तर दक्ष कामदारका लागि प्रदान गरिने बि-१ भिसामा परिवर्तन गरिएको छैन । अक्टोबर २३ देखि पोर्चुगिज कन्सुलर कार्यालयहरू र बाह्य सेवा प्रदायक भनिने भिएफएस ग्लोबल, बिएलएस इन्टरनेसनललगायतका भिसा आवेदन केन्द्रहरूले अब जागिर खोज्ने भिसा आवेदनहरू स्वीकार नगर्ने बताएका छन्। अक्टोबर २३ देखि जागिर खोज्ने भिसाका लागि सबै एप्वाइन्टमेन्ट (अन्तर्वार्ता) रद्द गरिएका छन् ।

पोर्चुगलस्थित नेपाली दूतावासले नेपाल तथा मध्यपूर्वका विभिन्न मुलुकमा पहिलेजस्तो रोजगारी खोज्ने भिसा उपलब्ध गराउने भन्दै कामदार भिसाका नाममा हुन सक्ने ठगीबाट बच्न आग्रह गरेको छ। दूतावासले बुधबार साँझ एक विज्ञप्ति जारी गर्दै यही

»» पृष्ठ २ मा

मतदाता नामावली दर्तामा बढ्यो आकर्षण

# राष्ट्रिय परिचयपत्र हुनेले बायोमेट्रिक दिनु नपर्ने

*राष्ट्रिय परिचयपत्र भएकाले पनि अनलाइनबाट आवेदन भने दिनुपर्छ । सम्बन्धित व्यक्तिले आवेदन दिएपश्चात् आवेदन नम्बर प्राप्त गर्छन् । त्यसपछि प्रदेश/जिल्ला निर्वाचन कार्यालयले अनुमोदन गरेपछि मोबाइल वा इमेलमा मतदाता परिचयपत्र नम्बर प्राप्त हुने निर्वाचन आयोगले जनाएको छ ।*



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक

मतदाता नामावली दर्तामा आकर्षण बढेको छ । देशभरका निर्वाचन कार्यालयहरूमा मतदाता नामावलीमा नाम दर्ता गर्नेको भीड बढेको छ। बुधबार एकै दिन थपिए ३० हजार बढी नयाँ मतदाता थपिएका छन् ।

निर्वाचन आयोगका अनुसार बुधबार राति ८ बजेसम्म थपिएका नयाँ मतदाताको संख्या २ लाख ३९ हजार ९ सय ४० जना रहेको छ । यसमा बुधबार मात्रै थपिनेको संख्या ३० हजार ३ सय ७३ जना रहेको छ।

यही कात्तिक ३० गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गर्न सकिने व्यवस्था छ । मतदाता नामावलीमा नाम दर्ता गर्ने समय सकिन लाग्दा थपिने नयाँ मतदाताको संख्या पनि वृद्धि हुँदै आएको निर्वाचन आयोगले जनाएको छ ।

पछिल्ला केही दिन अझ मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्यले रफ्तार पाउने आयोगका अधिकारीहरू बताउँछन्। किनभने राष्ट्रिय परिचयपत्रको तथ्यांकलाई मतदाता नामावली दर्तामा प्रयोग गरिँदै छ।

निर्वाचन आयोगले बिहीबारबाटै राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा पनि मतदाता नामावलीमा समावेश गर्ने प्रक्रिया सुरु गर्न लागेको हो ।

यसका लागि बुधबार रातभरि प्राविधिक तयारी र परीक्षणका काम भएका छन् ।

प्रधानमन्त्री सुशीला कार्कीले बुधबार आगामी निर्वाचनको तयारीका विषयमा निर्वाचन आयोगका पदाधिकारीहरूसँग छलफल गरेकी छन्। छलफलमा आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहितका अधिकारी थिए । जहाँ आयोगले बिहीबारबाटै राष्ट्रिय परिचयपत्रका विवरणका आधारमा पनि मतदाता नामावलीमा समावेश गर्ने प्रक्रिया सुरु गर्न लागिएको जानकारी प्रधानमन्त्री कार्कीलाई गराएको थियो ।

छलफलमा राष्ट्रिय पञ्जीकरण विभागका महानिर्देशक नवराज घिमिरे पनि थिए । महानिर्देशक घिमिरेले राष्ट्रिय परिचयपत्र वितरणका लागि संकलन गरेको जैविक तथ्यांक निर्वाचन आयोगलाई उपलब्ध गराउन तयार

»» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# मधेशका ५ सांसद पदमुक्त



**काठमाडौं/मस–** मधेशमा सभामुख रामचन्द्र मण्डलले पाँच जना सांसदलाई पदमुक्त गरेका छन्।

लगातार १० पटक प्रदेशसभा बैठकमा अनुपस्थित भएको भन्दै सभामुख मण्डलले पाँचजना सांसदलाई पदमुक्त गरेका हुन्।

पदमुक्त हुनेमा नागरिक उन्मुक्ति पार्टीकी सांसद, उर्मिला देवी सिंह, जसपाका सांसद मनिष कुमार सुमन, सप्तरी, संजय कुमार यादव, सिंहासन सा कलवार र सारदा शंकर प्रसाद कलवार रहेका छन्।

संविधानको धारा १८० मा प्रदेश सभा सदस्यको स्थान रिक्त हुने सम्बन्धी व्यवस्था रहेको छ। सोही धाराको उपधारा 'घ' मा प्रदेश सभालाई सूचना नदिइ लगातार दश वटा बैठकमा अनुपस्थित रहेमा प्रदेश सभा सदस्यको स्थान रिक्त हुने व्यवस्था रहेको छ।

उनीहरूलाई पदमुक्त गरिएको सूचना सभामुखले निकालेका छन्।

सूचनामा भनिएको छ,'संविधानमा मधेश प्रदेश सभा बैठकको अभिलेख अनुसार नेपालको संविधानको धारा १८० यो बमोजिम प्रदेश सभामा लगातार १० (दश) वटा बैठकमा अनुपस्थित रहेका तपशिलमा उल्लेखित माननीय सदस्यहरू मिति २०८२।०७।२७ गते देखि प्रदेश सभा सदस्यबाट पद मुक्त भएको हुँदा निजहरू प्रदेश सभा सदस्यहरुको स्थान रिक्त भएको व्यहोरा प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १८५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।'

# फरक बिल बिजकका सामानसहित भारतीय ट्रक नियन्त्रणमा

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २७ कात्तिक

कपिलवस्तुमा बिल बिजकभन्दा फरक सामान ल्याउँदै गरेका चार वटा ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। करोडौं मूल्यका सामग्री समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ।

मयादेवी गाउँपालिका-२ स्थित भारतीय टेलर गाडीहरूमा बिल बिजकमा उल्लेखभन्दा फरक तथा बढी परिमाणमा सामान ल्याइँदै गरेको विशेष सूचनाका आधारमा उक्त कारबाही गरिएको हो। जिल्ला प्रमुख प्रहरी उपरीक्षक आर्यालको निर्देशनमा प्रहरी निरीक्षक सुशील खनाल नेतृत्वको टोलीले बिहीबार दिउँसो ट्रकहरू नियन्त्रणमा लिएको हो।



नियन्त्रणमा लिइएका ट्रकहरूमा यूपी ५१ बीटी ३९३२, एचआर ६९ ई ९०३९, र एचआर ५८ बी ८६८७ नम्बरका भारतीय ट्रक रहेका छन्। ती ट्रकहरूमा डि-अइल्ड केक (कुखुरा दाना), बासमती चामल र सोया डक लगायतका सामानहरू फेला परेका छन्।

बरामद सामग्रीको कुल मूल्य करिब १ करोड ८० लाख १४ हजार १ सय ६९ रुपैयाँ रहेको प्रहरी कार्यालयले जनाएको छ। बरामद गरिएका सामग्री र ट्रक चालकहरूलाई आवश्यक अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय बुटवल पठाइएको जिल्ला प्रहरी नायब उपरीक्षक रिपेन्द्र कुमार सिंहले जानकारी दिए।

## बाहिर...

राजनीतिक घटनाक्रम, संसद्को गैरसंवैधानिक विघटन र एमालेको आगामी बाटोका विषयमा कार्यकर्तालाई प्रस्ट पारेर जनतामाझ पठाएको उनको भनाइ छ। एमालेको जनप्रदर्शसँगै वडास्तरमा भएका संगठन निर्माणका कामलाई नियमित अघि बढाएको छ। यसले भए संसद् पुनर्स्थापना नभएर चुनावी रणनीतिका रूपमा समेत हेरिएको नेता कार्यकर्ताहरूले बताएका छन्। नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले एमाले संवैधानिक विषयमा प्रस्ट भएकाले संविधानलाई लयमा ल्याउन संसद् पुनर्स्थापनाको विषय पहिलो प्राथमिकतामा राखेको बताए। 'वर्तमान सरकारको कार्यभार चुनाव गराउने भए पनि सरकार आफैं चुनाव भाँड्न उद्यत देखिन्छ,' उनले भने, 'सरकारले नै नगराउने चुनावमा भाग लिन्छौं भन्नु कति जायज कुरा होला ? तर चुनाव भयो भने एमालेले भाग लिन्छ। त्यसको तयारी महाधिवेशन अघि र पछि सँगसँगै हुन्छ।'

सरकार आफैं असंवैधानिकतवरले आन्दोलनबाट आएको र यसले आफ्नो आकारसमेत लिन नसकेको अवस्थामा चुनाव हुन्छ भन्ने विश्वास एमालेलाई छैन। पार्टीको ११औं राष्ट्रिय महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको क्षेत्रगत मापदण्डसहितको अन्तरपार्टी निर्देशन (अपानि) जारी भएसँगै मातहतका कमिटी र संगठनहरूले आवश्यक तयारी सुरु गरेका छन्। महाधिवेशनमा होमिएको एमालेका लागि फागुन २१ मा चुनाव भइहाले सो चुनावलाई पनि सहयोग पुग्नेगरी जनतामाझ जान आन्तरिक रूपमा नेताहरूले सुझाएका छन्।

एमालेका स्थायी कमिटी सदस्य कर्ण थापाले वर्तमान सरकार संविधानअनुसार आएको नभई आन्दोलनले ल्याएर राखेको र यसबाट चुनावको अपेक्षा गर्न नसकिने बताए। उनले मध्यान्हसँग भने, 'एमाले चुनावबाटै समाधान खोज्ने पार्टी भएकाले चुनावको तयारी पनि हो। तर साँच्चै समाधान खोज्ने हो भने प्रतिनिधि सभालाई केही समय पुनर्स्थापना गरेर शासकीय स्वरूपसहितका विषयमा संविधान संशोधन गरेर जाने र निर्वाचनमा जाने भन्ने प्रस्ताव एमालेको छ।'

चुनाव गराउन आएको यो सरकार आफैंले आकार लिन नसकेको भन्दै थापाले सरकारले चुनाव गराउने अवस्था आए एमाले चुनावमा फेस गर्ने तयारीमै रहेको दाबी गरे।

चुनावभन्दा संसद् पुनर्स्थापना गरेर संविधान संशोधनमार्फत जेनजीका माग सम्बोधन गर्ने र मुलुकलाई निकास दिने कुरामा एमालेको ध्यान केन्द्रित गर्नुपर्नेमा उनको जोड छ। 'सरकार असंवैधानिक हो, आन्दोलनबाट आएको सरकारलाई राजनीतिक रूपमा मात्रै हेरिएको छ। जेनजीका माग सम्बोधन गर्न संसद् पुनर्स्थापना नै उत्तम विकल्प छ। यद्यपि चुनाव भयो भने एमालेले भाग लिन्छ। त्यसको तयारी महाधिवशनसँगै गरिरहेका छौं।' एमालेको ११औं महाधिवेशन आगामी मंसिर २७ देखि २९ गतेसम्म काठमाडौंमा हुँदै छ। त्यसैको तयारीमा देशभरका वडा तहसम्म पुगेको एमालेले महाधिवेशनसँगै आमचुनावको विषयमा पनि छलफल चलाउँदै आएको नेताहरूले बताएका छन्।

## मंसिर ...

पाँचका दरले ४५ प्रतिनिधि सहभागी हुनेछन्। सबैभन्दा बढी प्रतिनिधि १ सय ६५ संघीय निर्वाचन क्षेत्रबाट समावेशिताको सिद्धान्तअनुसार १ हजार १ सय ३५ जना हुनेछन्। हरेक निर्वाचन क्षेत्रमा रहेका १ हजार २ सय पार्टी सदस्यबराबर ४० वर्षमुनिका एक युवा र एक महिलासहित चार प्रतिनिधि हुने व्यवस्था गरिएको छ।

प्रतिनिधि चयनमा समावेशिता सुनिश्चित गर्दै दलित आरक्षणअन्तर्गत कम्तीमा महिलासहित ८१, श्रमिकमा ४०, प्रवास कमिटीबाट तीन महिलासहित ३५, केन्द्रीय विभागबाट ३२ र जनसंगठनबाट महिलासहित कुल १ सय ३७ प्रतिनिधि रहनेछन्। बाँकी १ सय १ प्रतिनिधि पार्टी केन्द्रले मनोनीत गर्ने पार्टीले निर्णय गरेको छ।

## मन्त्रीहरूको...

प्रधानमन्त्री कार्कीले दोस्रो चरणमा गत ६ असोजमा चार जना मन्त्री नियुक्त गरेकी थिइन्। जसअन्तर्गत अनिलकुमार सिन्हा उद्योग, वाणिज्य तथा आपूर्ति, कानुन, न्याय तथा संसदीय मामिला र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री भए। महावीर पुनले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको जिम्मेवारी पाए। मदनप्रसाद परियार कृषि तथा पशुपन्छी विकासमन्त्री बने। जगदीश खरेल सञ्चार तथा सूचना प्रविधिमन्त्री भए।

९ कात्तिकमा तेस्रोपटक मन्त्रिपरिषद् विस्तार भयो। जसअन्तर्गत पूर्वस्वास्थ्य सचिव सुधा गौतम स्वास्थ्य तथा जनसंख्यामन्त्री बनेकी छन्। सामाजिक कार्यमा सक्रिय अभियन्ता बब्लु गुप्ता युवा तथा खेलकुदमन्त्री भएका छन्।

यसरी बनेको १० सदस्यीय मन्त्रिपरिषद्का कुनै पनि सदस्यको सम्पत्ति विवरण सार्वजनिक भएको छैन।

मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कानुनी बाध्यता भने छैन। तर सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण सम्बन्धित निकायमा पेस गर्नुपर्ने प्रावधान भने बाध्यकारी छ।

यससम्बन्धी व्यवस्था भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० मा छ। जहाँ भनिएको छ, 'सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष पेस गर्नुपर्नेछ।'

'...म्यादभित्र सम्पत्तिको विवरण पेस गर्न नसक्ने सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो विवरण पेस गर्न नसक्नाको कारणसहित उल्लेख गरी म्याद थपका लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढीमा ३० दिनसम्मको म्याद थप दिन सक्नेछ,' भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा २ मा भनिएको छ।

थप गरेको म्यादभित्र पनि सम्पत्ति विवरण पेस नगरे के हुन्छ ? यस सम्बन्धमा उपदफा ३ मा भनिएको छ, 'थप गरेको म्यादभित्र पनि सम्पत्ति विवरण पेस नगर्ने सार्वजनिक पदधारण गरेको व्यक्तिलाई ५ हजार रुपैयाँ जरिमाना गरी निज र निजको परिवारको नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्नेछ।'

त्यस्तो सम्पत्ति विवरण गोप्य राख्नुपर्ने कानुनी व्यवस्था छ। ऐनको दफा ५० को उपदफा ४ मा भनिएको छ, '...पेस हुन आएको सम्पत्ति विवरण गोप्य राखिनेछ।'

तर भ्रष्टाचारजन्य कसुरमा अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग भएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई उपलब्ध गराउन सकिने कानुनी व्यवस्था छ। तथापि मन्त्रीहरूको हकमा भने विगतमा सार्वजनिक गर्ने अभ्यास छ।

## खापुङलाई...

समितिले ओली र लेखकसहित गृहसचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय अनुसन्धान प्रमुख हुतराज थापा र काठमाडौंका निवर्तमान प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई विदेश जान रोक लगाउन र काठमाडौं छोड्दा अनुमति लिने व्यवस्था गर्न सिफारिस गरेको हो। जाँचबुझको सिलसिलामा उनीहरू अनुसन्धानको दायरामा रहेकाले विदेश भ्रमण रोक लगाउन सिफारिस गर्ने निर्णय गरेको बताएको छ। तर आयोगले बहाल रहेको अवस्थामा प्रहरी प्रमुख र राष्ट्रिय अनुसन्धान प्रमुखलाई केही भन्न सकेको थिएन। अनुसन्धान प्रमुखको अवकाशपछि मात्रै हुतराजलाई रोक लगाउने निर्णय लिएको थियो।

उनीहरूलाई कुनै पनि समयमा आयोगमा उपस्थित हुनुपर्ने हुँदा आयोगको स्वीकृतिबेगर काठमाडौं उपत्यका छाड्न नपाउने व्यवस्था गर्न पनि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरेको आयोगका प्रवक्ता विज्ञानराज शर्माले बताए।

भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा परी हालसम्म प्रदर्शनकारी, सुरक्षाकर्मी र सर्वसाधारण गरी ७४ जनाको ज्यान गएको थियो। सो घटनामा राज्यद्वारा बल प्रयोग गरिएको भन्दै निष्पक्ष छनबिनका लागि सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको संयोजकत्वमा जाँचबुझ आयोग गठन गरेको थियो। आयोगले पूर्वआइजिपी खापुङलाई स्थानहदको तोक्दा अर्को सुरक्षा निकाय सशस्त्र प्रहरीको नेतृत्वलाई भने छोएको छैन। आयोगको विरोधाभास निर्णयप्रति आमटिप्पणी भइरहेको छ।

## मतदाता...

रहेको बताएका थिए। यससँगै राष्ट्रिय परिचयपत्र नम्बर भएका र आफैं निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने मतदाताले घरबाटै नाम दर्ता गर्न सक्ने भएका हुन्।

राष्ट्रिय परिचयपत्र भएकाले पनि अनलाइनबाट आवेदन भने दिनुपर्छ। सम्बन्धित व्यक्तिले आवेदन दिएपश्चात् आवेदन नम्बर प्राप्त गर्छन्। त्यसपछि प्रदेश/जिल्ला निर्वाचन कार्यालयले अनुमोदन गरेपछि मोबाइल वा इमेलमा मतदाता परिचयपत्र नम्बर प्राप्त हुने निर्वाचन आयोगले जनाएको छ।

## खुल्यो...

सम्बन्धित देशका राजदूतहरूसँग छलफल सुरु गरिएको र परिस्थिति सकारात्मक हुने बताएका छन्।

## पोर्चुगल...

कात्तिक ६ गतेदेखि लागू हुने गरी पोर्चुगल सरकारले उच्च दक्षबाहेक सबै प्रकारका कामदार भिसा जारी गर्न बन्द गरेकाले पोर्चुगल गएर पहिलेजस्तै काम खोज्न पाउने कामदार भिसाका नाममा हुने ठगीबाट बच्न र प्रलोभनमा नपर्न आग्रह गरेको हो।

नेपाल तथा मध्यपूर्वका विभिन्न मुलुकमा रहेका नेपालीलाई पोर्चुगलमा काम लगाइदिने बहानामा ठगी गर्ने प्रयास भइरहेको उल्लेख गर्दै दूतावासले यस्ता गैरकानुनी गतिविधिमा नलाग्न र नगर्न चेतावनी दिएको छ। साथै, कसैको बहकाउ र प्रलोभनमा नपर्न आग्रह गर्दै दूतावासले आवश्यक सतर्कता अपनाउन सम्बद्ध सबैसँग अनुरोध गरेको छ।

पोर्चुगल पुगेर रोजगारी खोज्न पाउने कामदार भिसा बन्द गरिसकेको अवस्थामा त्यस किसिमका भिसा प्रयोग गरी कोही पनि आउन नपाउने स्पष्ट पार्दै दूतावासले पोचुगल आउने वा पठाउने नाममा हुनसक्ने ठगीबाट बच्न सम्बन्धित सबैलाई विशेष सतर्कता अपनाउन आग्रह गरेको छ। नेपालबाट छनोट भई संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत बि-१ भिसामा जान पाउने व्यवस्थामा कुनै परिवर्तन नभएको बताइएको छ।

# दिगो पर्यटन प्रवर्धनका गर्न आइएमटीए र एभरेस्ट एलायन्सले गरे सम्झौता

**काठमाडौं/मस–** दिगो पर्यटन प्रवर्धन, वातावरणको संरक्षण र सांस्कृतिक आदानप्रदानको लागि अन्तर्राष्ट्रिय पर्वतीय पर्यटन महासंघ (आइएमटीए) र एभरेस्ट एलायन्स नेपाल (इएएन)बीच सम्झौता भएको छ।




चीनको गुइझोउ प्रान्तमा आयोजित कार्यक्रममा पर्वतीय पर्यटनलाई वातावरणमैत्री र समुदायमुखी बनाउन एकसाथ काम गर्ने उदेश्यका साथ दुई संस्थाबीच सम्झौता भएको हो। सम्झौतापत्रमा एभरेष्ट एलायन्स नेपालका अध्यक्ष सुदर्शन नेपाल र अन्तर्राष्ट्रिय पर्वतीय पर्यटन महासंघका महासचिव हे याफेले संयुक्त रुपमा हस्ताक्षर गरेका थिए।

उक्त सम्झौताले पर्वतीय क्षेत्रहरूको संरक्षण र दिगो विकासका लागि विश्वव्यापी सहकार्यमा एउटा नयाँ ढोका खोलेको पर्यटन व्यवसायीहरुले बताएका छन्। आईएमटीए पर्वतीय पर्यटन प्रवर्द्धनमा विशेष ध्यान दिँदै आएको विश्वकै पहिलो अन्तर्राष्ट्रिय संस्था हो भने एभरेस्ट एलायन्स नेपाल (इएन) नेपालको हिमाली क्षेत्र र वातावरण संरक्षणमा काम गर्दै आएको संस्था हो।

सम्झौताअनुसार दुबै संस्थाले पर्वतारोहण अभियान सञ्चालन, साहसिक खेलकुद, उद्दार तालिम, वातावरण संरक्षण र सांस्कृतिक आदानप्रदानका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नेछन्। यस्तै, सम्झौतासँगै दुबै संस्था अन्तर्राष्ट्रिय पर्वतारोहण अभियान, सांस्कृतिक महोत्सव, साहसिक प्रतियोगिता, र दिगोपन तथा सांस्कृतिक समझदारी प्रवर्द्धन गर्ने सम्मेलनमा पनि भाग लिनेछन्।

एभरेस्ट एलायन्स नेपालका अध्यक्ष नेपालले उक्त सहकार्यले विश्वभरका पर्वतीय क्षेत्रमा जिम्मेवार साहसिक पर्यटन र वातावरणीय संरक्षणको भविष्य निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने बताए।

चीनको गुइझोउ प्रान्तस्थित गुइयाङ सहरमा सम्पन्न 'इन्टरनेशनल कन्फरेन्स अफ माउन्टेन टुरिज्म एण्ड आउटडोर स्पोर्ट्स'को अवसरमा उक्त सम्झौता हस्ताक्षर गरिएको थियो। उक्त सम्मेलनमा विश्वभरका ३० देशका ३५० भन्दा बढी पर्यटन व्यवसायीको सहभागीता रहेको थियो। सम्मेलनमा अन्तर्राष्ट्रिय पर्वतीय पर्यटन महासंघले नेपालको प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) लगायतका संस्थासँग पनि सम्झौता गरेको छ।

सम्मेलनमा नेपाल पर्यटन वोर्डका सदस्य एवम् नेपाल एशोसियशन टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले नेपालको पर्यटन क्षेत्रको बारेमा प्रस्तुतीकरण दिएका थिए।

कार्यक्रममा नाट्टाका पूर्वअध्यक्ष अच्युत गुरागाईं, महासचिव युविका भण्डारी, सदस्य विदुर खतिवडा, नेपाल पर्वतारोहण संघ (एनएमए) का वरिष्ठ उपाध्यक्ष इश्वरी पौडेल, महासचिव राजेन्द्र लामा, ट्रेकिङ एजेन्सीज् एशोसियशन अफ नेपाल (टान) पोखरा शाखाका अध्यक्ष धर्मराज पन्थीलगायतको सहभागीता रहेको थियो। उक्त सम्मेलनमा नेपालको मुन्धुम ट्रेललाई बेस्ट हाइकिङ ट्रेलको अवार्डबाट सम्मान गरिएको थियो।

# नेपाल-भारतबीच पारवहन सन्धिको प्रोटोकल संशोधन



काठमाडौं/मस-नेपाल र भारतबीच पारवहन सन्धिको प्रोटोकलमा संशोधन भएसँगै अब सबै किसिमका कार्गो (सामान) कोलकाता र विशाखापटनम्, विराटनगर (जोगवनी) तथा नौतनवा (सुनौली) मार्ग हुँदै भैरहवासम्म ढुवानी गर्न सकिने भएको छ। संशोधनले नेपालको पारवहन लागत र समय दुवै घट्ने र व्यापार सहजीकरणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले जानकारी दिए।

आपूर्तिमन्त्री अनिलकुमार सिन्हा भारतको विशाखापटनम् जाने क्रममा बिहीबार भारत सरकारका वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलसँग नयाँ दिल्लीस्थित भारतको वाणिज्य भवनमा भेटघाट गरेका थिए।

सो अवसरमा दुवै देशबीच पारवहन सन्धिको संशोधित प्रोटोकलको औपचारिक आदानप्रदान गरिएको हो।

यसअघि दुवै नाकाबाट सीमित चार वटा बल्क सामान मात्र रेलमार्फत ढुवानी गर्न सकिने व्यवस्था रहेकामा अब सबै प्रकारका कार्गो सामान रेल तथा सडक मार्गमार्फत पठाउन सकिने भएको प्रवक्ता बस्नेतले बताए।

भेटका क्रममा नेपाल-भारतबीचको द्विपक्षीय व्यापार, पारवहन व्यवस्था, व्यापार पूर्वाधार विकास तथा लगानी प्रवर्द्धनका विषयमा विस्तृत छलफल भएको मन्त्रालयले जनाएको छ। मन्त्री सिन्हाले दुवै देशबीचको व्यापार र पारवहन सहजीकरणका लागि प्रमाणीकरण प्रक्रिया सरलीकरण गर्नुपर्नेमा जोड दिएका थिए।

त्यस अवसरमा मन्त्री सिन्हाले भारतको 'छिमेकी पहिला नीति' को प्रशंसा गर्नुहुँदै उक्त नीतिअनुरूप द्विपक्षीय व्यापार, पारवहन तथा लगानी प्रवर्द्धनका क्षेत्रमा अझ सहकार्य र समन्वय आवश्यक रहेको उल्लेख गरे। भारतका मन्त्री गोयलले नेपाल भारतका लागि विशेष प्राथमिकता प्राप्त देश रहेको बताउँदै छलफलमा रहेका विषयहरुलाई शीघ्र निष्कर्षमा पुऱ्याउन दुवै देशका पदाधिकारीलाई निर्देशन दिए।

उक्त भेटघाटमा नेपालका तर्फबाट भारतका लागि नेपाली राजदूत डा.शंकर शर्मा तथा दुवै देशका सम्बन्धित मन्त्रालयका वरिष्ठ अधिकारीहरूको सहभागिता रहेको थियो।

# कृषि पर्यटनलाई जोड्दै 'फ्रेस्को हिमालय'



**काठमाडौं/मस–** फ्रेस्को हिमालय कम्पनीले कृषिमार्फत पर्यटन क्षेत्रलाई जोड्नका लागि सामूहिक कफीखेती सुरु गरेको छ। कम्पनीले कृषिमार्फत पर्यटन क्षेत्रको विकासका लागि स्थानीयस्तरका जनताको सहभागितामा चार जिल्लामा सामुहिक कफीखेती सुरु गरेको हो। कम्पनीले गोरखाको बारपाक सुलिकोट गाउँपालिका, दोलखाको कालिञ्चोक गाउँपालिका, उदयपुरको लिम्चुङबुङ गाउँपालिका र संखुवासभाको मकालु गाउँपालिका-३ सँगको सहकार्यमा सामूहिक कफीखेती सुरु गरेको कम्पनीका अध्यक्ष देवेन्द्र पोखरेलले जानकारी दिए।

उनका अनुसार गोरखाको बारपाक सुलिकोट गाउँपालिकामा एक हजार रोपनी, दोलखाको कालिञ्चोक गाउँपालिकामा एक हजार रोपनी, उदयपुरको लिम्चुङबुङ गाउँपालिका ५ सय रोपनी र संखुवासभाको मकालु गाउँपालिका-३ मा २ सय रोपनी क्षेत्रफलमा कफीखेती गरिएको छ। उक्त कम्पनीले स्थानीय स्रोतसाधनको प्रयोग गरेर कफी नर्सरीको उत्पादन, स्थानीय महिलालाई रोजगारीसमेत प्रदान गर्दै आइरहेको छ।

'सामूहिक कफी खेतीमार्फत स्थानीयलाई आयआर्जनमा जोड्ने प्रमुख लक्ष्यका साथ यो परियोजना सुरु गरेका हौं, हामीले स्थानीय तहमा पुगेर कफीको वेर्ना उत्पादन, किसानलाई कफीखेतीसम्बन्धी तालिम, बिरुवाको वितरणलगायतका काम गरी किसानबाट उत्पादित कफीलाई खरिद गर्ने गरेका छौं', अध्यक्ष पोखरेलले भने। कम्पनीले स्थानीयस्तरमा उत्पादित कफीलाई सोही स्थानको 'ब्राण्ड' बनाएर स्वदेश तथा विदेशमा बिक्री वितरण गर्दै आएको छ। सामूहिक कफीखेतीसँगै कम्पनीले स्थानीय तहमा घरवास (होमस्टे) सञ्चालनका लागिसमेत प्रोत्साहन गर्दै आएको छ। उक्त स्थानमा उत्पादित कफी हाल प्रतिकिलो नेपालमा तीन हजारमा रुपैयाँमा बिक्री वितरण गरिँदै आएको छ।

# जेनजी आन्दोलनका क्रममा भएका क्षतिको एकीकृत विवरण तयार पार्न निर्देशन



**काठमाडौं/मस–** अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले जेनजी आन्दोलनका क्रममा भएका क्षतिको एकीकृत विवरण तयार पार्न निर्देशन दिएकी छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित कार्यक्रमहरूको प्रथम त्रैमासिक अवधिको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै उनले यस्तो निर्देशन दिएकी हुन् । उनले क्षतिको एकीकृत विवरणको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गर्न निर्देशन दिइन् । चालू आर्थिक वर्षको समीक्षा अवधिसम्म प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकायहरूको खर्च प्रतिशत सन्तोषजनक नदेखिएको भन्दै चालू आर्थिक वर्षको बाँकी अवधिमा सम्बन्धित सबै निकायका प्रमुखले आ-आफूले सम्पादन गर्नुपर्ने कार्यलाई प्राथमिकता दिन निर्देशन दिइन् । आन्दोलनको समयमा भएको तोडफोड र आगजनीबाट सार्वजनिक संरचना तथा सम्पतीमा भएको क्षतिको कारण लगायतबाट समीक्षा अवधिमा सम्पन्न गर्नुपर्ने कतिपय काम कारवाहीहरूसमेत प्रभावित भएको बताइन् ।

जेनजी आन्दोलनको भावना र मर्म बमोजिम सेवाग्राहीमैत्री सेवा, जनआकाङ्क्षा अनुरूप सेवाप्रवाह गर्न उच्च मनोवलका साथ चालू आर्थिक वर्षको लागि तय भएका निर्धारित लक्ष्यहरू हासिल गर्नेगरी कार्यसम्पादन गर्न निर्देशन दिइन् । प्रधानमन्त्री कार्कीले चालू आर्थिक वर्षको बाँकी अवधिमा सम्पादन गर्नुपर्ने कार्यहरूलाई उच्च प्राथमिकता दिइ निर्धारित समयमा तोकिएको लक्ष्य हासिल गर्नेगरी काम गर्न आग्रह गरिन् । यसैबीच प्रधानमन्त्री कार्कीले नेपाल वायु सेवा निगमको ए-३२० जहाजको इजरायलमा रहेको इन्जिन छिटो ल्याएर सञ्चालन गर्न ताकिता गरेकी छन् ।

निगम सञ्चालक समिति तथा व्यवस्थापनका अधिकारीहरूलाई सिंहदरबारमा बोलाएर उनले आफ्नो इन्जिन इजरायलमा थन्क्याउने र भाडाको इन्जिन ल्याएर जहाज चलाउने प्रवृत्तिमाथि प्रश्न गर्दै यस्ता बेथिति सहेर बस्न नसकिने स्पष्ट पारिन् । 'उता आफ्नो इन्जिन त्यसै थन्किएर बसेको छ। यता भाडा बढेको बढ्यै छ । यस्तो पनि हुन्छ?' उनले भनिन् ।

'सञ्चालक समितिले निर्णय गरेर हुन्छ वा व्यवस्थापन तहबाटै काम हुन्छ, जसरी पनि नतिजा दिनुपर्छ,' उनले भनिन्, 'कुनै प्रक्रियागत बहाना नगरौँ। यो जनताको पैसा लगानी भएको संस्थालाई नै ग्राउन्डेड गर्ने अवस्था आउन दिनुहुँदैन ।' उनले देश, जनता र संस्थाको पक्षमा निर्णय गर्दा नडराउन पनि आग्रह गरिन् ।

उनले भनिन्, 'मुद्दा लाग्ला कि भनेर असल काम गर्न डराउनुहुँदैन। गलत काम गर्दा मात्र डराउनुहोस्।' बैठकमा अर्थमन्त्री रामेश्वर खनाल, मुख्यसचिव एकनारायण अर्याल, पर्यटन मन्त्रालयका सचिव हरिप्रसाद मैनाली, निगमका अध्यक्ष विक्रम राई, निमित्त महाप्रबन्धक जनकराज कालाखेती लगायतको उपस्थिति थियो ।

# मनोबल बढाउँदै जनअपेक्षा पूरा गर्ने नवनियुक्त आइजिपी कार्कीको प्रतिबद्धता



**काठमाडौं/मस–** मन्त्रिपरिषद्को २०८२ कात्तिक २४ गतेको निर्णयअनुसार प्रहरी महानिरीक्षक पदमा पदोन्नति भएका दान बहादुर कार्की दर्ज्यानी चिन्हबाट सुशोभित भएका छन् । गृह मन्त्रालय सिंहदरबारमा बिहीबार आयोजित विशेष समारोहबीच गृहसचिव रामेश्वर दंगालले प्रहरी महानिरीक्षक कार्कीलाई दर्ज्यानी चिन्हबाट सुशोभन गरेका हुन् ।

समारोहमा गृहसचिव रामेश्वर दंगालले नेपाल सरकारले विधि र पद्धतिको आधारमा नेपाल प्रहरी संगठनको प्रमुखको रूपमा नियुक्त गरी प्रहरी महानिरीक्षक कार्कीलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको चर्चा गर्दै प्रहरी महानिरीक्षक कार्कीको कार्यकालमा समग्र मुलुकमा शान्ति सुरक्षा कायम गर्ने लगायत नेपाल प्रहरीको अन्य जिम्मेवारीहरूमा सफलता मिल्ने विश्वास व्यक्त गर्दै नेतृत्वकालको पूर्ण सफलताको शुभकामना समेत व्यक्त गरे ।

गृहसचिव दंगालले हालको परिस्थितिमा निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नुका साथै मुलुकमा भएका विभिन्न खालका विकृति विसंगतिहरूलाई अन्त्य गरेर पूर्णरूपमा सुशासन कायम गर्ने दायित्व सरकारले लिएको उल्लेख गर्दै यस दायित्व निर्वाह गर्नका लागि नेपाल प्रहरीको अहम् भूमिका रहेको र यस भूमिका निर्वाह गर्न नेपाल प्रहरी सफल समेत हुने अपेक्षा रहेको बताए ।

नेपाल प्रहरीको प्राथमिकताहरू, कार्ययोजना, नीतिगत परिवर्तन, नेपाल प्रहरीमा गर्नुपर्ने सुधारका विषयहरू, देखापरेका चुनौति तथा भावी योजनाहरू लगायतका विषयहरूलाई सम्बोधन गर्न गृह मन्त्रालयले सदैव समन्वय, सहजीकरण र सहयोग गरिरहने प्रतिवद्धता उनले व्यक्त गरे ।

कार्यक्रममा प्रहरी महानिरीक्षक कार्कीले करिब अट्ठाइस वर्षको अनुभव, कर्तव्यपरायणता, देश र नागरिकको सुरक्षाका खातिर सम्पादन गरेका कार्यको मूल्यांकन तथा संगठनप्रतिको निष्ठा र इमान्दारिताको कदर गर्दै नेपाल सरकारले आफूलाई प्रहरी महानिरीक्षकमा पदोन्नति गरेकोमा नेपाल सरकार तथा गृह मन्त्रालयप्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गरे । साथै प्राप्त यस विशिष्ट जिम्मेवारीलाई पेशागत अनुशासन, पारदर्शीता र जवाफदेहिताका साथ वहन गर्दै नागरिक सेवाभावको पूर्ण प्रत्याभूति हुने गरी प्रभावकारी रूपमा निर्वाह गर्ने उनले प्रतिबद्धता व्यक्त गरे ।

प्रहरी महानिरीक्षक कार्कीले देशमा सुशासन कायम गर्ने तथा निकट भविष्यमा भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउने नेपाल सरकारको अभिभारा, विभिन्न आयामका सुरक्षा चुनौतिहरूको विद्यमानता र संकट पश्चात उठ्दै गरेका प्रहरीका भौतिक संरचना र मनोबलको सन्दर्भमा प्राप्त यो जिम्मेवारीबाट असाधारण अपेक्षाहरू रहेको तथ्य प्रति पूर्ण रूपमा जानकार र सचेत रहेको बताए ।

असाधारण परिस्थितिमा प्राप्त यस जिम्मेवारीलाई नेपाल सरकार गृह मन्त्रालय, अन्य सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी निकायहरू एवम् समुदायसँग प्रभावकारी समन्वय, सहकार्य सहित संगठनको सुदृढिकरण र सामूहिकता प्रदर्शन गरी प्रहरी कर्मचारीहरूको मनोबल बढाउँदै उनले नेपाल सरकार र आम जनसमुदायको अपेक्षा अनुरूप कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक टेकेन्द्र कार्की, प्रहरी अतिरिक्त महानिरीक्षकहरू, गृह मन्त्रालयका उच्चपदस्थ अधिकारीहरू, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू एवम् संचारकर्मीहरूको उपस्थिति रहेको थियो ।

दर्ज्यानी चिन्हद्वारा सुशोभित भएपश्चात नवनियुक्त प्रहरी महानिरीक्षक कार्कीले बिहीबार आफ्नो कार्यकक्षमा पदबहाली गरेका थिए । प्रहरी महानिरीक्षक कार्की नेपाल प्रहरी प्रधान कार्यालय प्रवेश गर्दा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू लगायत प्रहरी अधिकृतहरू तथा जवानहरूले हार्दिक स्वागत गरेका थिए । प्रहरी महानिरीक्षक कार्कीले नेपाल प्रहरी प्रधान कार्यालय परिसरस्थित अमर प्रहरी स्मारकमा पुष्पहार चढाई अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण समेत गरेका थिए ।

# कुमारी घरको छानो जीर्णोद्धारका लागि १ करोड २५ लाख लागत अनुमान



**काठमाडौं/मस–** कुमारी वहाल (कुमारी घर)को छानो जीर्णोद्धार गर्न १ करोड २५ लाख ४७ हजार ८ सय ६४ रुपैयाँ लागत अनुमान गरिएको छ । आर्थिक वर्ष २०८२/८३ को दररेट राखेर गणना गर्दा झिँगटी, पर्खाल, काठ लगायतका छानासँग सम्बन्धित अवयवहरुको जीर्णोद्धार गर्न यो लागत आएको हो ।

कुमारी घरको छाना चुहिने भएपछि यसको प्राविधिक पक्षको अध्ययन गर्न गठित समितिले दिएको प्रतिवेदन कार्यान्वयन गर्न आज महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलको अध्यक्षतामा साझेदार कार्यालयका अधिकारीहरुकाबीच बसेको बैठकमा लागत अनुमानका विषयमा जानकारी दिइएको हो । कुमारी घर जीर्णोद्धारको प्राविधिक, सामाजिक तथा अन्य पक्षका विषयमा सरोकारवालाबाट प्रतिक्रिया लिएपछि उपप्रमुख डंगोलले, मौसम प्रतिकुलता हुनुअघि कुमारी घरको छानो जीर्णोद्धार गरिसक्नु पर्नेमा जोड दिँदै जीर्णोद्धारको प्रक्रिया तत्काल अगाडि बढाउन हनुमानढोका दरबार संरक्षण कार्यक्रमलाई निर्देशन दिएकी छन् ।

'पुनःनिर्माण गर्दा यसको सामाजिक, धार्मिक तथा सांस्कृतिक पक्ष, स्वामित्व लगायत विषयमा विवाद सिर्जना हुनुहुँदैन । यसका लागि सबै पक्ष सहभागी गराएर विज्ञहरुको निगरानी समिति गठन गर्नुपर्छ । पुनःनिर्माणमा कुनै द्विविधा भए वा समस्या आए तत्काल समाधान दिन सक्ने निकायगत समन्वय संयन्त्र बनाउनु पर्छ' उनले कार्यान्वयन प्रक्रिया निर्माणमा मार्गनिर्देश गरिन् ।

बैठकमा गुठी संस्थानका प्रशासक शैलेशराज कुँवर, पुरातत्व विभागका सिनियर डिभिजन इञ्जिनियर पूर्णबहादुर श्रेष्ठ, हनुमानढोका दरवार संग्रहालय विकास समितिका कार्यकारी निर्देशक काजीमान प्याकुरेल, पुरातत्व अधिकृत अमृता महर्जन, महानगरपालिकाको सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राई, हनुमानढोका दरबार संरक्षण कार्यक्रमका निमित्त प्रमुख चीन बज्राचार्यसहित अध्ययन समितिका पदाधिकारीहरु सहभागी थिए ।

गएको बर्खायाममा कुमारी घरको छानो चुहिने भएपछि जीर्णोद्धारको प्राविधिक पक्ष अध्ययन गर्न साउन २० गते समिति गठन भएको थियो । समितिको संयोजकमा पुरातत्व विभागका पुरातत्व विज्ञ पुरुषोत्तम डंगोल थिए भने सदस्यहरुमा विभागका इञ्जिनियर रोशन डंगोल, हनुमानढोका हेरचाह अड्डाका प्रमुख काजीमान प्याकुरेल, गुठी संस्थानका इञ्जिनियर भीमप्रसाद अधिकारी र महानगरपालिकाको हनुमानढोका दरबार संरक्षण कार्यक्रमका आर्किटेक्ट अमित बज्राचार्य थिए । अध्ययन समितिले दिएको प्रतिवेदन अनुसार कुमारी घरका नामले चिनिने कुमारी वहालको तीनै तलाको पर्खालमा चिरा परेको छ । केही धाम र मेथहरुले ठाउँ छोड्ने अवस्था छन् । कतिपय दलिनहरु कीराले खाएर ससाना प्वाल पारेको छ । ठाउँ ठाउँका काठ मक्किएको अवस्था छ । दोस्रो तलामा शिशाले छोपेर राखिएको भित्तेचित्र जोगाउनुपर्ने अवस्थामा छ । धाम वाहेक अधिकांश काठका अवयवहरु अग्राखका नभई कुकाठ प्रयोग भएकोले तत्काल जीर्णोद्धार गर्नु पर्ने देखिएको छ । बैठकमा समितिका सदस्य आर्किटेक्ट अमित बज्राचार्यले जानकारी दिए ।

बज्राचार्यका अनुसार झिंगटी छानो चारैतिर ठाउँठाउँमा धसिएको छ । धुरी चाङ्ग फुटे खसेको छ । म्वंगचा खसेको छ । आइरन वेल्ट खुस्केका छन् । कहीँ त आइरन बेल्ट नै छैन । मुठलहरु खुस्केका छन् । झिंगटीहरु खुस्केका छन् । टुँडाल झरेका र मक्किएका छन् । नस नभएको वा भए पनि मक्किएका छन् । अधिकांश मुसीहरु फेर्नु पर्ने अवस्थाका छन् । गजुरको वेस मर्मत गर्नुपर्ने अवस्थामा छ । कोपु थप्नुपर्ने अवस्थामा छ । बुइँगलको पर्खाल जीर्ण भएको छ । फलेक माथि प्लाष्टिक फेल्ट नराखी माटोमा झिँगटी राखेका कारण फलेकहरु कुहिएका छन् ।

प्रतिवेदनले, श्रीको सेवा पूजालाई अक्षुण्ण राख्दै, खट बाँधेर जीर्णोद्धार गर्नुपर्ने भागको एकतर्फबाट विस्तारै विस्तारै भत्काउने सुझाव दिएको छ । यसबाट आएका सामाग्रीहरुको सुरक्षित भण्डारण गर्ने, पुनःप्रयोग गर्न मिल्नेसम्म सामग्रीको अधिकतम पुनःप्रयोग गर्ने सुझावमा उल्लेख छ । छानाको सम्पूर्ण भागमा प्लास्टिक फेल्ट विछ्याउने, मक्किएका मुसी, लाकासी, फलेकलाई आवश्यकता अनुसार थप गर्न सकिने प्रतिवेदनले औल्याएको छ ।

२०७२ सालको भूकम्पले हनुमान ढोका दरबार क्षेत्रका १० वटा संरचना ध्वस्त र कुमारी वहालसहित २१ वटा संरचना आंशिक क्षति भएको विवरणमा राखिएको थियो । त्यस बेला नै कुमारी घरलाई ध्वस्त प्रकृतिमा राखिनु पर्नेमा नराखिएको अधिकारीहरुको भनाइ छ । आंशिक क्षतिमा राखिए पनि तत्काल मर्मत सम्भार नभएको, अन्य विभिन्न समयमा मर्मत सम्भारको काम भएको देखिए पनि विषय विज्ञको उपस्थिति नभएका कारण यसले वहालमा क्षति गरेको प्रतिवेदन उल्लेख छ । मर्मतमा अग्राखको काठ, पक्की इटा जस्ता टिकाउ निर्माण सामाग्रीमा ध्यान नदिइएको, भित्तेचित्रको पुरातात्विक वातानुकुलित संरक्षण हुन नसकेको, घरको पश्चिम तर्फको भाग भासिएको हुँदा छानो मर्मत पश्चात फ्लोर, वाल, झ्याल ढोका लगायतको संरक्षण एकै पटक गर्नु पर्ने देखिएको छ ।

# लैनचौरस्थित स्काउटको जग्गामा निर्मित संरचना भत्काइयो



**काठमाडौं/मस–** नेपाल स्काउटको लैनचौरस्थित जग्गामा खड्का ल्याड डेभलपर प्रालिले निर्माण गरेको संरचनालाई काठमाडौं महानगरपालिकाले भत्काएको छ ।

स्काउटले बाँकी वक्यौता तिर्न यही कात्तिक २० गते उक्त कम्पनीलाई सातदिने सूचना जारी गरेको थियो । उक्त कम्पनीले बुधबारसम्म बक्यौता नतिरेपछि स्काउटले ती संरचना हटाइदिन काठमाडौं महानगरपालिकालाई पत्राचार गरेको थियो । स्काउटको अनुरोधमा महानगर प्रहरी बलको टोली बिहीबार ती संरचना भत्काएको महानगरीय प्रहरी बलका प्रमुख राजुनाथ पाण्डेले बताए ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०५/०१ मा दर्ता भएको श्री **प्रयोग डिजिटल सोलुसन प्रा. लि. (प्रा. लि. नं. २६८५०८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


# हत्यामा संलग्न दुई जना पक्राउ




**सिन्धुली/मस–** तीनपाटन गाउँपालिका-२ पैरेकी छत्रकुमारी कार्की (थापा) हत्या प्रकरणमा दुई जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय, सिन्धुलीका अनुसार यही कात्तिक १७ गते दिउँसो १२ बजे घरबाट हराएकी ४० वर्षीया छत्रकुमारीको शव कात्तिक २१ गते तीनपाटन गाउँपालिका-१ सिसौघारीमा फेला परेको थियो ।

कात्तिक १८ गते इलाका प्रहरी कार्यालय बेलघारीमा तिलकबहादुर लकाइले दिएको उजुरीका आधारमा प्रहरीको टोलीले खोजतलास गर्दा घाँटीमा सलले बेरिएको अवस्थामा शव फेला पारिएको जिल्ला प्रहरी कार्यालय, सिन्धुलीका प्रमुख प्रहरी उपरीक्षक लालध्वज सुवेदील जानकारी दिए । प्रहरी उपरीक्षक सुवेदीका अनुसार घटनामा संलग्न भएको आरोपमा सुरज भन्ने सूर्यबहादुर कामीलाई दाङको लमही नगरपालिका-५ बसपार्क क्षेत्रबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, सिन्धुली ल्याइएको हो भने निरन भनिने टंकबहादुर कामीलाई दुधौली नगरपालिका-९ बाट पक्राउ गरी अनुसन्धान भइरहेको छ ।

मृतक छत्रकुमारीको मोबाइल फोन प्रहरीले बरामद गरेको छ । शव परीक्षण प्रतिवेदनमा उहाँको मृत्यु सलले 'घाँटी थिची' गरिएको देखिएको छ । प्रहरीले घटनाको अनुसन्धान जारी रहेको बताएको छ ।


**Jayaprithvi Municipality**
**Office of The Municipal Executive**
**Chainpur, Bajhang**

**Invitation for Electronic Bids**
**Date of publication: 2082/07/28**

Method of Procurement: NCB , Eligibility Procedure

1. Jayaprithvi Municipality, Bajhang invites Electronic bids for following Works from Nepalese eligible bidders for following works under NCB procedures. The estimated amount and the summary for the work is given below.

| S N | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Including VAT and PS] | Bid Security amount (Nrs) | Bid Security Validity Period | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-NCB-03-2082/083 | Balbikash Aa.Bi. Field Construction and Boundary Work | 2437576.39 | 56,200 | 120 Day | 3000/- |
| 2 | JPM-NCB-04-2082/083 | Luyata Aa.Bi Building and Boundary Construction Work | | 6,15,000 | 120 Day | 5000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the jayaprithvi Municipality website(www.jayaprithvimun.gov.np), Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 9868861828, 9858490254 or may visit PPMO website www.bolpatra.gov.np.

| Cash Deposit for Bid Fee | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| A/C Name | JAYAPRITHIVI NA.PA.(GA-1-1)-AANTARI | A/C Name | JAYAPRITHIVI NA.PA.(GA-3)-DHARAUTI |
| Account Number: | 4110100301010004 | Account Number | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 801077001 |

3. Purchase, Submission and Opening

| Last date of Bid Purchase | Last Date of Submission | Bid Opening |
|---|---|---|
| Date and time | Date and Time | Date and Time |
| 2082/8/29 12:00 | 2082/8/29 12:00 | 2082/8/29 14:00 |

**Siddaraj Pandit**

मध्यान्ह
www.madhyanhadaily.com
२८ कात्तिक २०८२ शुक्रबार
14 November 2025 Friday

## सम्पादकीय

# मतदाता नाम दर्तामा सकारात्मक कदम

आउँदो २१ फागुनमा हुने आमनिर्वाचनप्रति नयाँ मतदाताको चासो देखिएको छ । त्यसैले मतदाता नामावलीमा नाम दर्ता गर्ने लहर ल्याएको छ । २३-२४ भदौको जेनजी विद्रोहपछि राजनीतिप्रति युवाको चासो मतदानसम्म विस्तारिनु उत्साहजनक संकेत हो । काठमाडौं मात्र होइन, जिल्लाजिल्लाका निर्वाचन कार्यालयमा देखिएको भिडभाडले युवापुस्ता अब निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागी हुन चाहेको स्पष्ट देखिएको छ । नाम दर्ता समय सकिनैलाग्दा निर्वाचन आयोगले राष्ट्रिय परिचयपत्र लिएका व्यक्तिलाई सोही आधारमा अनलाइनबाटै मतदाता नामावलीसँग जोड्ने निर्णय गरेको छ । अब राष्ट्रिय परिचयपत्र भएका नागरिकले नाम दर्ता गर्न कार्यालय धाउनुनपर्ने भएको छ । उनीहरूले घरमै बसेर अनलाइन आवेदन दिएर मतदाता परिचयपत्र पाउन सक्नेछन् । यसले विदेशमा रहेका, व्यस्त वा लामो लाइनमा बस्न नचाहने व्यक्तिका लागि पनि लोकतान्त्रिक अधिकार प्रयोग गर्न सहज वातावरण बनेको छ ।

निर्वाचन आयोगले लागू गरेको यो प्रणालीले नागरिकको समय र श्रम दुवै बचत गर्छ । अहिलेको डिजिटल युगमा त्यसै पनि एकै प्रकृतिका धेरै विवरण धेरै ठाउँ भर्नुपर्ने बाध्यताले नागरिक वाक्क छन् । एकठाउँ लिइएको नागरिकको बायोमेट्रिक विवरण अर्कोठाउँ प्रयोग नै नगर्ने अभ्यास थियो । राष्ट्रिय परिचयपत्रको बायोमेट्रिक विवरणले मतदाता नाम दर्ता प्रक्रिया स्वतः अघि बढ्ने निर्णयले पारदर्शिता पनि बढ्नेछ । यसले नेपाललाई डिजिटल लोकतन्त्रतर्फको दिशामा अघि बढाएको छ । सँगै, चुनौती पनि त्यत्तिकै छन् । काठमाडौंमा मात्र २५ हजारभन्दा बढी नाम दर्ता भइसकेका छन्, जसका कारण सर्भरमा समस्या आएको छ । सीमित उपकरण र जनशक्तिका कारण केही कठिनाइ पक्कै छ । निर्वाचन आयोगले अब प्राविधिक क्षमता विस्तार, सर्भर स्थायित्व र प्रयोगमैत्री अनलाइन प्रणालीमा तत्कालै सुधार गर्नुपर्छ ।

नेपालमा जनप्रतिनिधि चयन गर्नेबेला बेवास्ता गर्ने, राजनीतिप्रति सामान्य चासोसम्म नराख्ने तर शासन सत्ताप्रति सधैं प्रश्न मात्र उठाउने प्रवृत्ति पनि छ । नागरिकले निर्वाचनमार्फत सही नेतृत्व चयन गरेर आफ्नो दायित्व पूरा गर्नुपर्छ । मतदाता नामावली दर्तामा देखिएको आकर्षणले नयाँ पुस्तामा राजनीतिक रूचि बढेको संकेत गरेको छ । युवाको यो राजनीतिक उत्साह क्षणिक हुन नदिनु राज्यको पनि जिम्मेवारी हो । दर्ता प्रक्रिया सहज एउटा सकारात्मक कदम हो । तर मुख्य दायित्व मतदानप्रति युवालाई आकर्षित गर्नु, उनीहरूको मत सुरक्षित एवं प्रभावकारी रूपमा उपयोग हुने वातावरण बनाउनु हुनेछ । त्यो सुनिश्चित गर्न भयरहित वातावरणमा आमचुनाव सुनिश्चित गर्नुपर्छ ।

# अर्थतन्त्र निर्माणमा पुँजी बजार

*अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ कि जुन देशमा पुँजी बजार बलियो छ, त्यहाँ आर्थिक विकासदर तीव्र हुन्छ ।*

अग्रलेख



● जगतजंग जिसी

राष्ट्रिय अर्थतन्त्र कुनै देशको समग्र उत्पादन, रोजगारी, लगानी र उपभोगको संयोजन हो, जसले देशको समृद्धि र आत्मनिर्भरताको दिशामा निर्णायक भूमिका खेल्दछ । यो अर्थतन्त्रलाई सुदृढ र दिगो बनाउने विभिन्न आधारमध्ये पुँजी बजार अत्यन्तै महत्वपूर्ण मानिन्छ । पुँजी बजार अर्थात् 'क्यापिटल मार्केट' भन्नाले दीर्घकालीन वित्तीय साधनहरूको कारोबार हुने थलो हो- जहाँ लगानीकर्ताहरूले आफ्नो बचतलाई उत्पादन क्षेत्रमा लगानी गर्छन् र उद्योग, कम्पनी वा सरकारले ती पुँजीका स्रोत प्रयोग गरी उत्पादन, रोजगारी र आय सिर्जनाको प्रक्रिया अघि बढाउँछन् ।

नेपालजस्तो विकासोन्मुख देशमा पुँजी बजार अझै सशक्त रूपमा स्थापित हुन सकेको छैन तर यसको सम्भावना असीम छ । पुँजी बजारले राष्ट्रिय अर्थतन्त्रलाई तीन प्रमुख दिशामा बलियो बनाउँछ- लगानी विस्तार, उत्पादन वृद्धि र वित्तीय पारदर्शिता ।

नेपालको सन्दर्भमा हेर्दा, पुँजी बजारको औपचारिक विकास २०४७ सालमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) स्थापना भएपछि सुरु भएको पाइन्छ । त्यसअघि पनि नेपाल इन्डस्ट्रियल डेभलपमेन्ट कर्पोरेसन (एनआइडिसी) र नेपाल इन्डस्ट्रियल बैंकजस्ता संस्थाहरूले औद्योगिक लगानीमा सहयोग पुऱ्याउने काम गरेका थिए । तर जनसाधारणको बचतलाई उत्पादक क्षेत्रमा प्रवाह गर्ने औपचारिक संयन्त्रका रूपमा नेप्सेले नयाँ युगको सुरुवात गऱ्यो । हाल नेप्सेमा करिब २ सय ५० भन्दा बढी कम्पनी सूचीबद्ध छन्, जसमा बैंक, बिमा, हाइड्रोपावर, माइक्रोफाइनान्स, होटल, इन्भेस्टमेन्ट कम्पनीलगायतका क्षेत्र समावेश छन् ।

पुँजी बजारको वास्तविक भूमिका केवल सेयर किनबेचमा सीमित छैन । यो देशको आन्तरिक पुँजी परिचालनको माध्यम हो । नेपालमा लामो समयदेखि विकासका लागि बाह्य ऋण र वैदेशिक सहयोगमा निर्भरता रहेको छ । तर आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि आफ्नै नागरिकको बचतलाई लगानीमा रूपान्तरण गर्नु अपरिहार्य हुन्छ । यही ठाउँमा पुँजी बजारले पुलको काम गर्छ, बचत र लगानीबिचको अन्तरलाई जोड्ने पुल ।

नेपालको अर्थतन्त्रमा वित्तीय क्षेत्रको विस्तार भए पनि पुँजी बजार अझै पनि सीमित दायरामा छ । बैंकिङ प्रणालीमा मात्र ध्यान केन्द्रित हुँदा दीर्घकालीन लगानीका लागि आवश्यक स्रोतहरूको अभाव रहँदै आएको छ । बैंकहरूले छोटो अवधिको निक्षेपबाट दीर्घकालीन लगानी गर्न नसक्ने भएकाले उद्योग, ऊर्जा, पूर्वाधारजस्ता ठुला परियोजनाहरूको वित्तीय आवश्यकता पूरा गर्न पुँजी बजार अत्यावश्यक हुन्छ ।

अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ कि जुन देशमा पुँजी बजार बलियो छ, त्यहाँ आर्थिक विकासदर तीव्र हुन्छ । उदाहरणका लागि, संयुक्त राज्य अमेरिकामा पुँजी बजारलाई देशको अर्थतन्त्रका मेरुदण्डका रूपमा हेरिन्छ । न्युयोर्क स्टक एक्सचेन्ज र नास्डेक कम्पोजिट विश्वका सबैभन्दा ठुला बजार हुन्, जसले लाखौं रोजगारी सिर्जना गरेका छन् र विश्वभरका लगानीकर्तालाई आकर्षित गरेका छन् । अमेरिकी कम्पनीहरूले सेयर र बण्डमार्फत अर्बौं डलर जुटाएर नयाँ प्रविधि, पूर्वाधार र अनुसन्धानमा लगानी गर्छन् ।

त्यस्तै, भारतको सेयर बजारको विकासले पनि देशको अर्थतन्त्रमा ठुलो रूपान्तरण ल्याएको छ । सन् १९९० को आर्थिक उदारीकरणपछि बम्बे स्टक एक्सचेन्ज (बिएसई) र नेसनल स्टक एक्सचेन्ज (एनएसई)ले आमनागरिकलाई लगानीको अवसर दिएको मात्र होइन, हजारौं नयाँ कम्पनीहरूलाई पुँजी जुटाउने सहज वातावरण पनि बनाएको छ । अहिले भारतको सेयर बजार विश्वकै पाँचौं ठुलो बजार बनेको छ, जसले देशको जिडिपीमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

दक्षिण कोरिया र सिंगापुरका उदाहरण पनि नेपालका लागि शिक्षणीय छन् । कोरियाको 'कोस्पी' बजारले सन् १९७० दशकदेखि औद्योगिक विस्तारलाई बलियो बनाएर देशलाई विकसित राष्ट्रको श्रेणीमा पुऱ्याउन




सहयोग गऱ्यो । त्यस्तै, सिंगापुरको 'एसजिएक्स'ले वैदेशिक लगानीकर्तालाई आकर्षित गर्दै सानो भू-भाग र सीमित जनसंख्या हुँदाहुँदै पनि क्षेत्रीय वित्तीय केन्द्रका रूप लिएको छ । यी देशहरूले पुँजी बजारलाई पारदर्शी र सहज बनाउँदै आर्थिक रूपान्तरणमा उपयोग गरेका छन् ।

नेपालले पनि यस्ता उदाहरणबाट सिकेर आफ्नै अर्थतन्त्रमा रूपान्तरण ल्याउन सक्छ । अहिले नेपालमा पुँजी बजारमा जनसहभागिता बढ्दो छ, विशेषगरी नयाँ पुस्ता सेयर लगानीप्रति आकर्षित भएका छन् । तर यो उत्साहलाई दीर्घकालीन र स्थायी बनाउन नीतिगत स्थिरता, पारदर्शिता र वित्तीय साक्षरताको आवश्यकता छ ।

नेपालमा लगानीकर्ताको संरक्षण, इनसाइडर ट्रेडिङ नियन्त्रण, वित्तीय विवरणको विश्वसनीयता र नियामक संस्थाको क्षमता अझै चुनौतीपूर्ण छन् । सेयर मूल्यमा हुने अत्यधिक उतारचढावले बजारमा विश्वास घटाउँछ । त्यसैले, नेपालले पुँजी बजारलाई दीर्घकालीन स्थायित्वका साथ सञ्चालन गर्न आवश्यक कानुनी संरचना र प्रविधिक पूर्वाधार सुदृढ गर्नुपर्छ । सेयर बजारलाई मात्र सीमित नगरी बन्ड बजार, डेरिभेटिभ्स बजार र स्टार्टअप इन्भेस्टमेन्ट प्लेटफर्मजस्ता वैकल्पिक वित्तीय माध्यम विकास गर्नुपर्छ ।

अर्को महत्वपूर्ण पक्ष भनेको संस्थागत लगानीकर्ताहरूको भूमिका हो । नेपालमा बिमा कम्पनी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषजस्ता संस्थागत लगानीकर्ता छन् तर तिनीहरूको पुँजी बजारमा सक्रियता न्यून छ । यी संस्थाहरूले दीर्घकालीन लगानी गर्न थाले भने बजारको गहिराइ र स्थायित्व दुवै बढ्नेछ ।

त्यस्तै, पुँजी बजारले उद्यमशीलता र रोजगारी सिर्जनामा पनि प्रत्यक्ष प्रभाव पार्छ । नयाँ व्यवसाय वा उद्योग सुरु गर्न चाहने युवाहरूले बैंक ऋणको सट्टा सेयरमार्फत पुँजी जुटाउन सक्ने वातावरण बनेमा देशभित्रै नयाँ रोजगारीका अवसर बढ्नेछन् । यसले वैदेशिक रोजगारमा निर्भरता घटाउने र घरेलु उत्पादन बढाउने दुवै काम गर्छ ।

अर्थतन्त्र सुदृढ बनाउन सरकारको नीतिगत दिशा पनि निर्णायक हुन्छ । सरकारले पुँजी बजारलाई आर्थिक नीतिको अभिन्न हिस्सा मानेर दीर्घकालीन दृष्टिकोणसहित अघि बढाउनुपर्छ । उदाहरणका लागि, चीनले

> *अहिले नेपालमा पुँजी बजारमा जनसहभागिता बढ्दो छ, विशेषगरी नयाँ पुस्ता सेयर लगानीप्रति आकर्षित भएका छन् । तर यो उत्साहलाई दीर्घकालीन र स्थायी बनाउन नीतिगत स्थिरता, पारदर्शिता र वित्तीय साक्षरताको आवश्यकता छ ।*

सन् २००० पछि आफ्नो पुँजी बजारलाई उद्योग र प्रविधि विकाससँग जोड्दा विश्वकै दोस्रो ठुलो अर्थतन्त्र बन्न सफल भयो । नेपालले पनि जलविद्युत्, पर्यटन, कृषि र सूचना प्रविधिजस्ता क्षेत्रमा पुँजी बजारको स्रोत प्रयोग गरेर आन्तरिक विकासको गतिको नयाँ अध्याय सुरु गर्न सक्छ ।

पुँजी बजारको विकासका लागि वित्तीय शिक्षा अत्यावश्यक छ । लगानीकर्ताले जोखिम बुझ्नुपर्छ, कम्पनीहरूले पारदर्शी सूचना दिनुपर्छ र नियामक निकायले बजारको अनुशासन सुनिश्चित गर्नुपर्छ । यसका लागि विद्यालयदेखि विश्वविद्यालय तहमा वित्तीय साक्षरताको विषय समावेश गर्न सकिन्छ । राष्ट्रिय अर्थतन्त्रको बलियो आधार आन्तरिक पुँजीको सशक्त परिचालनमा रहन्छ । यदि नेपालको पुँजी बजारले जनसाधारणको विश्वास जित्न सक्यो, पारदर्शी र व्यवस्थित रूपमा सञ्चालन भयो भने यसले देशलाई आत्मनिर्भर, उत्पादनमुखी र रोजगारीमैत्री अर्थतन्त्रतर्फ डोऱ्याउनेछ । अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ- जहाँ पुँजी बजार बलियो हुन्छ, त्यहाँ राष्ट्रको आर्थिक विकास स्थायी हुन्छ । नेपालले पनि यही बाटो रोजे मात्र दिगो र समावेशी आर्थिक विकास सम्भव छ ।

पुँजी बजार कुनै विलासी वित्तीय प्रणाली होइन, यो राष्ट्रको आर्थिक स्वाधीनताको मेरुदण्ड हो । यसले जनताको बचतलाई राष्ट्रको समृद्धिको इन्धनमा रूपान्तरण गर्छ । त्यसैले, नेपालको आगामी आर्थिक यात्रामा पुँजी बजारको भूमिकालाई प्राथमिकतामा राखी, नीति, प्रविधि र विश्वासका माध्यमबाट यसलाई सुदृढ पार्न सक्दा मात्रै 'समृद्ध नेपाल, सुखी नेपाली'को सपना व्यावहारिक बन्न सक्छ ।

**(जिसी, पुँजी बजारका जानकार हुन् ।)**

## इतिहासमा आज

१४ नोभेम्बर २०१७ मा क्यालिफोर्नियाको रान्चो तेहामामा एक बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा चार जनाको मृत्यु भयो भने १२ जना घाइते भए । जुन घटनाअघि उनले आफ्नी श्रीमतीको हत्या गरेका थिए ।



१४ नोभेम्बर १९९० मा जर्मन पुनर्मिलनपछि, जर्मनी र पोल्यान्डको संघीय गणतन्त्रले जर्मनी र पोल्यान्डबीचको सीमाको रूपमा ओडर-निसे रेखा पुष्टि गर्ने सन्धिमा हस्ताक्षर गरेका थिए ।



१४ नोभेम्बर १९९० मा जुरिच विमानस्थलनजिकै पुग्दा, अलिटालिया उडान ४०४ वेइच नजिकैको स्ट्याडलरबर्ग पहाडमा दुर्घटनाग्रस्त भएको थियो । जसमा ४६ जनाको मृत्यु भएको थियो ।



१४ नोभेम्बर १९९१ मा अमेरिकी र बेलायती अधिकारीहरूले प्यान एम उडान १०३ खसालेको सम्बन्धमा दुई लिबियाली गुप्तचर अधिकारीविरुद्ध अभियोग घोषणा गरेका थिए ।



# समावेशिताको नीति किन आवश्यक ?

विचार



● रञ्जना बास्ताकोटी

> *समावेशी नीति अपनाउँदा समाजमा विश्वास र सहकार्य बढ्छ । राज्य र नागरिकबीचको सम्बन्ध सुदृढ हुन्छ । जब सबै समुदायका आवाज नीति निर्माणमा सुन्छ, तब नीति जनतामैत्री र व्यावहारिक हुन्छ ।*

समावेशिता आजको विश्वको केन्द्रीय मूल्य बनेको छ । समाजमा विविध पहिचान, संस्कृतिहरू, भाषा, लिंग, धर्म, जाति, वर्ग, भौगोलिक क्षेत्र वा शारीरिक अवस्था भएकाहरूले समान अवसर र सम्मान पाउनु लोकतान्त्रिक शासनको मर्म हो । तर इतिहासले देखाउँछ- अनेक देश र समाजहरूमा केही समूह दीर्घकालसम्म अवसर, स्रोत र निर्णय प्रक्रियाबाट बाहिर राखिँदै आएका छन् । यस्तो असमानताको परिणाम सामाजिक विभाजन, असन्तुष्टि र विकासमा असन्तुलनको रूपमा देखा पर्छ । त्यसैले समावेशिताको नीति केवल न्यायको सवाल होइन, दिगो विकास र स्थायित्वको पूर्वसर्त पनि हो ।

नेपालको सन्दर्भमा हेर्दा, विविधता यसको पहिचान हो । तर यही विविधता लामो समयसम्म शक्ति र स्रोतको असमान वितरणका कारण द्वन्द्व र असन्तोषको कारण पनि बन्यो । त्यसैले, समावेशी राज्य र नीति निर्माणको आवश्यकता नेपालमा विशेष रूपले गहिरो छ । २०६३ पछि देशले अपनाएको नयाँ राजनीतिक यात्राको केन्द्रमा समावेशिताको धारणा रह्यो- संविधान, कानुन र सार्वजनिक नीति सबैमा यसलाई आत्मसात् गरियो । समावेशी संविधानको माध्यमबाट जातीय, भाषिक, लैंगिक, क्षेत्रीय र आर्थिक असमानता घटाउने प्रयास गरिएको छ ।

तर समावेशी नीति केवल नेपालको आवश्यकता मात्र होइन, विश्वभरि नै समानता र न्यायमा आधारित शासन व्यवस्थाको अभिन्न अंग बनेको छ । उदाहरणका लागि, दक्षिण अफ्रिकाले 'रंगभेद'को अन्त्यपछि अपनाएको सकारात्मक कार्य नीति समावेशी शासनको उत्कृष्ट उदाहरण हो । राज्यले श्वेत र अश्वेतबीचको ऐतिहासिक अन्यायलाई सच्याउन सार्वजनिक रोजगार, शिक्षा, व्यवसाय र प्रशासनिक तहमा अश्वेत समुदायको प्रतिनिधित्व बढाउने कानुनी व्यवस्था गऱ्यो । यसले सामाजिक पुनर्संरचना र दिगो मेलमिलापमा महत्वपूर्ण भूमिका खेलेको छ ।

भारतको अनुभव पनि उल्लेखनीय छ । भारतको संविधानले दलित, आदिवासी र पछाडि परेका वर्गका लागि आरक्षण नीति लागू गरेको छ । यसले शताब्दीयौंदेखि बहिष्कृत समुदायलाई शिक्षादेखि रोजगारसम्मको क्षेत्रमा प्रवेश गराउने बाटो खोलेको छ । यद्यपि, आरक्षण नीतिबारे बहस जारी छ । क्यानडा र न्युजिल्यान्ड जस्ता देशहरूमा पनि आदिवासी समुदायको अधिकार सुनिश्चित गर्न राज्यले समावेशी दृष्टिकोण अपनाएका छन् । उदाहरणका रूपमा, क्यानडाले आदिवासी स्वशासन नीतिअन्तर्गत प्रथम राष्ट्रका समुदायलाई स्वशासनको अधिकार दिएको छ, जसले उनीहरूको सांस्कृतिक पहिचान र आर्थिक सशक्तीकरणमा ठुलो योगदान दिएको छ । न्युजिल्यान्डमा माओरी समुदायका लागि संसदमा निश्चित सिट सुनिश्चित गरिएको छ, जसले प्रतिनिधित्वको वास्तविक अभ्यास देखाउँछ । यी उदाहरणहरूले स्पष्ट पार्छन्-समावेशिता केवल सामाजिक न्यायका लागि होइन, देशको एकता र विकासका लागि पनि अनिवार्य छ ।

नेपालजस्ता बहुजातीय, बहुभाषिक र भौगोलिक रूपमा जटिल देशमा समावेशिताको नीति अझै बढी आवश्यक छ । किनभने यहाँको सामाजिक बनोट आफैंमा विविध छ- पहाड, तराई र हिमालका समुदायहरूबिच भाषा, संस्कृत, आर्थिक अवस्था र पहुँचमा फरक छन् । महिलाहरू, दलित, आदिवासी जनजाति, मधेसी, थारु, अपांगता भएका व्यक्ति, लैंगिक तथा लैंगिक अल्पसंख्यकजस्ता समूह लामो समयसम्म नीति निर्माण र निर्णय प्रक्रियाबाट पर रहे । जबसम्म यी समूहलाई समान अवसर दिइँदैन, तबसम्म लोकतन्त्रको आत्मा अधुरो रहन्छ ।

समावेशी नीति अपनाउँदा समाजमा विश्वास र सहकार्य बढ्छ । राज्य र नागरिकबीचको सम्बन्ध सुदृढ हुन्छ । जब सबै समुदायका आवाज नीति निर्माणमा सुन्छ, तब नीति जनतामैत्री र व्यावहारिक हुन्छ । यसले शासन प्रणालीलाई पारदर्शी र जबाफदेही बनाउँछ । साथै, समावेशिताले आर्थिक विकासलाई पनि तीव्र बनाउँछ, किनभने विविधता आफैंमा सिर्जनशीलता र नवप्रवर्तनको स्रोत हो । विभिन्न पृष्ठभूमिका मानिसहरूले आ-आफ्नो अनुभव र दृष्टिकोण योगदान गर्दा समाधान समग्र र दिगो बन्छन् ।

यद्यपि, समावेशिताको नीति कार्यान्वयन सजिलो छैन । केवल कानुनी प्रावधानले मात्र पर्याप्त हुँदैन । संरचनागत अवरोध, सामाजिक पूर्वाग्रह र संस्थागत कमजोरीहरूले नीति कार्यान्वयनमा चुनौती पुऱ्याउँछन् । त्यसैले, शिक्षा, चेतना र संस्थागत सुधार सँगसँगै आवश्यक हुन्छ । समावेशी शासनको लक्ष्य प्राप्त गर्न, प्रतिनिधित्व मात्र होइन, प्रभावकारी सहभागिता पनि सुनिश्चित गर्नुपर्छ । महिला वा दलित प्रतिनिधि भए पनि उनीहरूलाई निर्णयमा वास्तविक भूमिका नदिँदा समावेशिता केवल प्रतीकात्मक रहन्छ ।

अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ- समावेशिताले असमानता घटाउँछ, सामाजिक तनाव कम गर्छ र लोकतन्त्रलाई बलियो बनाउँछ । नेपालले पनि यस बाटोमा उल्लेखनीय प्रगति गरेको छ तर अझै धेरै गर्न बाँकी छ । समावेशिताको नीति केवल कागजमा होइन, व्यवहारमा उतार्न सके मात्र देशको विकास सबैको साझा सपना बन्न सक्छ । निष्कर्षमा भन्न सकिन्छ, समावेशी समाज नै न्यायपूर्ण, समृद्ध र स्थायी शान्तिको आधार हो ।

## सामाजिक सञ्जाल



**रञ्जित तामाङ**

पुराना दलहरू भोगेर जनता वाक्क दिक्क, हैरान भएको सत्य हो । तर नयाँ दलहरू शासकीय स्वरूप, राज्य संयन्त्रमा सहभागिता, राज्य स्रोत बाँडफाँटको मोडलजस्ता आधारभूत संवैधानिक विषयहरूमा स्पष्ट छैनन् । नौथरि मान्छेहरू जम्मा भएको पार्टीहरूले चुनाव त जित्ला, अन्तिममा विवेकशील हुन बेर छैन ।



**तारानाथ दाहाल**

जेनजी विद्रोह पछाडि समाजमा राजनीतिप्रति उग्र मोह झन् विस्तार भयो, हरेक चर्चित मानिस दलमा आबद्ध हुन लालायित देखिए । यसले राज्यलाई जबाफदेही, उत्तरदायी र पारदर्शी बनाउन तथा समाजलाई उद्यमशील र सिर्जनात्मक बनाउन दिँदैन । जतातत्तै राजनीतिको गफ मात्र छ । संक्रमण छिटो सकियोस् र समाज रचनात्मक होस् !



**मुकेश काफ्ले**

राजनीतिको न्यूनतम मान्यता नैतिकता र पारदर्शिता हो । मन्त्रीको लोभमा पार्टीमा 'कुशको अध्यक्ष' पदस्थापन गरी आफू 'डि फ्याक्टो' बनेर राज्यको साधन, स्रोत दुरुपयोग गरी पार्टी सञ्चालन गर्ने । अनि उज्यालो नेपाल, सदाचार, सुशासन, जेनजी आन्दोलनको प्रवचन दिने । जनतालाई मूर्ख ठान्ने भूल नगरौं ।



**हरि रोका**

समाज कसरी अघि बढी रहेछ ? बुझ्न सामाजिक बनोट, शासकको प्रवृत्ति, स्रोतको वितरण, आर्थिक तथा प्रविधि विकास संस्थागत वितरण र परिचालनबारे सामाजिक छलफल बुझ्न आवश्यक हुन्छ । ऐतिहासिक सन्दर्भमा अन्तरसम्बन्धित विषयवस्तुहरूको तुलनात्मक अध्ययन । हतारमा हिँडेका बौद्धिक तथा राजनीतिज्ञलाई कहाँ फुर्सद बुझ्न ?

# माडी गाउँपालिका र जेनजी समूहबीच सहमति

**सूर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २७ कात्तिक



रोल्पाको माडी गाउँपालिका र जेनजी समूहबीच लामो छलफलपछि बुधबार राति महत्वपूर्ण सहमति भएको छ। कात्तिक १४ गते आठ बुँदे मागसहित गाउँपालिकामा बुझाइएको ज्ञापनपत्रका विषयमा माडी-२ घर्तीगाउँस्थित गाउँपालिका कार्यालयमा भएको सर्वदलीय र सर्वपक्षीय छलफलमा सहमति भएको हो।

मध्याह्न १२ बजे सुरु भएको छलफल करिब राति १० बजेसम्म चलेर अन्ततः सहमति भएको गाउँपालिकाले जनाएको छ। छलफलबाट जेनजी समूहले उठाएका पहिलो, दोस्रो र तेस्रो बुँदाका मागबारे छानबिन गर्न समिति गठन गर्ने निर्णय गरिएको छ।

समितिको संयोजकमा गाउँपालिका उपाध्यक्ष जयपुरी घर्ती रहनेछिन्। सदस्यमा जेनजी समूहका अध्यक्ष प्रकाश ओली, नेपाली कांग्रेस क्षेत्र नं. १ 'ख' का सभापति गोपाल बहादुर घर्ती, नेकपा (एमाले) का प्रदेश कमिटी सदस्य प्रेम बहादुर घर्ती मगर, नेकपा माओवादी केन्द्र माडी गाउँपालिका अध्यक्ष भरत बहादुर बुढा मगर, नेकपाका केन्द्रीय वैकल्पिक सदस्य तथा माडी इन्चार्ज कुशल वली, र गाउँपालिका कर्मचारी लोकेन्द्र बुढा रहेका छन्।

बुँदा नं. ५ र ७ सम्बोधन भइसकेका छन् भने बुँदा नं. ८ को कार्यान्वयन भइरहेको जनाइएको छ। बुँदा नं. ६ अन्तर्गत उल्लेखित विद्युत् पोल ढुवानीको रकम पुष मसान्तभित्र भुक्तानी गरिने सहमति भएको छ।

बुँदा नं.४ मा उठाइएको भ्रष्टाचारसम्बन्धी अभिव्यक्तिका विषयमा पनि छलफल भएको थियो। सो क्रममा गाउँपालिका अध्यक्ष अमरसिंह घर्ती मगर ले आन्तरिक संवादका क्रममा कमजोरी स्वीकार गर्दै विवाद समाधानका लागि वडा नं. १ को कार्यालयमा कृष्णकला घर्ती र सम्बन्धित पक्षबीच छलफल गरी समस्या समाधान गर्ने निर्णय गरिएको छ।

सहमतिमा सहभागी सबै पक्षले आजदेखि अनावश्यक टिकाटिप्पणी नगरी माडीको समग्र विकासका लागि एकताबद्ध भएर काम गर्ने प्रतिबद्धता जनाएका छन्।

छलफलका क्रममा माडी बसपार्क र तरकारी संकलन केन्द्रसम्बन्धी विषय पनि उठाइएको थियो। गाउँपालिकाले उक्त क्षेत्रका लागि बजेट विनियोजन गरी तरकारी संकलन केन्द्र भवन निर्माणका लागि उपभोक्ता समिति गठन भइसकेको र दुई महिनाभित्र कार्यान्वयन सुरु हुने जानकारी दिएको छ। खेतखोला स्थित भवनलाई नेपाल खाद्य संस्थानको गोदामका रूपमा प्रयोग गर्ने तयारी भइरहेको र समयमै काम नभए आपसी सहमतिमा भवन प्रयोग गर्ने पनि सहमति बनेको छ।

यस्तै, पुरानो बसपार्क क्षेत्र (गैरागाउँ) लाई जिप पार्किङका रूपमा प्रयोग गर्ने र अवरुद्ध सडक तथा १५ शय्याको अस्पताल जाने बाटो खोल्ने निर्णय गरिएको छ।

छलफलमा लुम्बिनी प्रदेशका सांसद दिपेन्द्र कुमार पुन, नेकपा माओवादी केन्द्र लुम्बिनी प्रदेश सदस्य नन्द बहादुर पुन, गाउँपालिकाका अध्यक्ष अमरसिंह घर्ती मगर, एमाले प्रदेश कमिटी सदस्य प्रेम बहादुर घर्ती मगर, नेकपा जिल्ला सचिव पृथ्वी डाँगी, कांग्रेसका क्षेत्रीय सभापति गोपाल बहादुर घर्ती, जेनजी समूह अध्यक्ष प्रकाश ओली लगायत सबै राजनीतिक दलका प्रतिनिधि र सरोकारवाला उपस्थित थिए।

## पूर्वमन्त्री आङ्बोको गाडीले ठक्कर दिंदा एक जनाको मृत्यु

**प्रवेश विष्ट/मध्यान्ह**
विराटनगर, २७ कात्तिक

नेकपा माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोको गाडीले ठक्कर दिँदा मोरङमा एक जनाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार बिहीबार दिउँसो करिब १२:१५ बजे विराटनगरबाट विराटचोकतर्फ जाँदै गरेको को १ झ ६५० नम्बरको सरकारी स्कारपियोले को ९ प ७५ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। ठक्करबाट ग्रामथान गाउँपालिका-५ का ३५ वर्षीय प्रवेश चौधरी गम्भीर घाइते भएका थिए। स्थानीयले उनलाई उद्धार गरी विराटनगर स्थित विराट नर्सिङ होममा पुऱ्याएका थिए तर दिउँसो ३:१५ बजे चिकित्सकले उनलाई मृत घोषणा गरेका छन्। प्रहरीका अनुसार स्कारपियो चालक पाँचथरको फाल्गुनन्द गाउँपालिका-१ का ४० वर्षीय गम्भीरमान सार्कीलाई नियन्त्रणमा लिएको छ। सार्की आङ्बोका स्वकीय सचिव हुन्।

माओवादी नेता आङ्बो प्रदेशका पूर्वआर्थिक मामिला तथा योजना मन्त्रीसमेत हुन्। दुर्घटना हुँदा उनी गाडीमा सवार थिएनन्। प्रदेशसभा सचिवालयले उनलाई प्रमुख प्रतिपक्षी दलको नेताको हैसियतमा गाडी उपलब्ध गराएको थियो। प्रहरीले घटनाका बारेमा थप अनुसन्धान अघि बढाएको जनाएको छ।


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय दित्केल, खोटाङका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८२/०७/२८ गते शुक्रबारको मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक)का तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय दित्केल, खोटाङमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिनअर्थात मिति २०८२/०९/११ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय दित्केल, खोटाङमा दिनको ठीक १:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण:**

**ऋणी :** नेपाल सरकार,वाणिज्य तथा आपूर्ति मन्त्रालय,बाणिज्य बिभाग घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय खोटाङमामिति २०७४/०८/२९ मा प्रा.फ.र.नं. ९६२/०७४/०७५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यलय, लहान, सिराहाबाट मिति २०७४/०९/०२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०७२५९८९८ को प्रमाणपत्र प्राप्त **संन्दिप किराना पसल ।**
**फर्मको ठेगाना** : खोटाङ जिल्ला हलेसीतुवाचुङ न.पा. वडा न.१ ।

**प्रोप्राईटरतथा जमानतकर्ता : दिपा खड्का (कार्की)**
(ना.प्र.नं.:१२-०१-७३-००८१६,जारी मिति २०७३/०२/०५, जि.प्र.का खोटाङ)
ठेगाना : खोटाङ जिल्ला हलेसीतुवाचुङ न.पा. वडा न.१ (साविक बाहुनीडाँडा गा.वि.स.वडा न.२) ।
बाबु : गणेश बहादुर खड्का ।
पति : शंकर कार्की ।ससुरा : विष्णु बहादुर कार्की ।

**जमानतकर्ताः शंकर कार्की**
(ना.प्र.नं.१२१०५०/४३, जारी मिति २०६५/०३/२२, जि.प्र.का खोटाङ) ।
ठेगाना : खोटाङ जिल्ला हलेसीतुवाचुङ न.पा. वडा न. १ (साविक बाहुनीडाँडा गा.वि.स.वडा न.२) ।
बाबु : विष्णु बहादुर कार्की ।
बाजे : बल बहादुर कार्की ।

**ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण:**
१. दिपा खड्का (कार्की)को नाममा मालपोत कार्यालय खोटाङमा दर्ता कायम रहेकोखोटाङ जिल्ला बाहुनीडाँडा गा.वि.स.वडा न.३, नक्सा सिट नं. ३ स्थित कित्ता नं.३८ क्षेत्रफल २-१०-२-२(रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.................१
२. शंकर कार्कीको नाममा मालपोत कार्यालय खोटाङमा दर्ता कायम रहेको खोटाङ जिल्ला बाहुनीडाँडा गा.वि.स. वडा न. २, नक्सा सिट नं. २ स्थित कित्ता नं.७९२ को क्षेत्रफल १-२-२-१(रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.................१
३. ऋणी सन्दिप किराना पसल को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ..........१

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय,बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय दित्केल खोटाङबाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा र शाखा कार्यालय** दित्केल,खोटाङमासम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००



**ललितपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पुल्चोक ललितपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशितः २०८२।०७।२८**

यस कार्यालय बाट तपसिल बमोजिमको सामान खरिद सम्बन्धमा रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन पश्चात सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा १ बमोजिम तपसिल बमोजिमको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट भएको हुंदा ऐ.ऐ.ऐनको दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम/ठेगाना | कबोल रकम (भ्याट र पि.एस.समेत) |
|---|---|---|---|---|
| 1 | LMC-NCB-GOODS-2082/083-01 | Procurement of Stationery Items | M/S N.P.Trade and Stationery Suppliers,Jadibuti, Kathmandu. | Nrs.21,84,290.00 (Twenty-One Lakh Eighty-Four Thousand Two Hundred Ninety Only) |



**ॐ गणेशाय नमः बचत तथा ऋण सहकारी संस्था लि.**
**OM Ganeshaya Nama Saving & Credit Co-operative Ltd.**
प्रधान कार्यालय : मखन-२४, काठमाडौं, फोन नं. ४२२५०६७, ४२५७४७०

**धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत**
**लिलाम बिक्रीको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशिति मिति : २०८२।०७।२८ गते

यस संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले आफ्नो व्यापार, व्यवसाय संचालन गर्न तपसिलमा उल्लेखित अचल सम्पत्ति सुरक्षण वापत धितो राखी लिएको ऋण कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज लगायत संस्थाको अन्य लेना रकम आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लंघन गर्नु भएको तथा ऋण कर्जा चुक्ता भुक्तान गर्न पटक पटक मौखित तथा लिखित रुपमा तर ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता नगरेको र मिति २०८०।११।१३ गते नागरिक दैनिक पत्रिका मार्फत ऋण चुक्ता गर्नको लागि ३५ दिने सूचना प्रकाशित गर्दा समेत उक्त कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले यस संस्थालाई धितो सुरक्षणको रुपमा लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ३६ औं दिन यस संस्थाको कार्यालयमा उल्लेखित मिति, समय स्थानमा उपस्थित हुन समेत सम्बद्ध सबैलाई सूचित गरिन्छ। साथै उक्त कर्जा असुलीको कारवाही अर्न्तगत ऋणी जमानी दिनु हुने सबैलाई कालो सूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको धितो लिलामी बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण रकम असुल उपर नभएमा प्रचतिल कानून बमोजिम कारवाही गरी असुल उपर गरि लिइने व्यहोरा ऋणी तथा सरोकारबालाहरु सबैलाई यहि सूचनाद्वारा जानकारी गराइन्छ। धितो सुरक्षामा रहेको सम्पत्ति लिलामी बिक्री गरिने व्योहोरा अनुरोध गर्दै सूचनाद्वारा जानकारी गराइन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलामी बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखी यथासिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विषेश अनुरोध गरिएको छ।

**तपशिल**

**ऋणीको विवरण**

**ऋणीको नाम : सविता दुलाल**
बाबुको नाम : नुर बहादुर दुलाल
बाजेको नामः देव बहादुर दुलाल
ना.प्र.नं. : १०४१२२
जारी जिल्ला : जि.प्र.का. नुवाकोट
जारी मिति : २०६२।०८।०५

**जमानीकर्ताको विवरण**

**जमानीकर्ताको नाम : बद्र प्र. गौतम**
बाबुको नाम : तुलसी प्रसाद गौतम
बाजेको नामः पृथीलाल गौतम
ना.प्र.नं. : ४१३७७
जारी जिल्ला : सिन्धुली
जारी मिति : २०६१।१२।३१

**जमानीकर्ताको नाम :**

**तुलसी प्रसाद गौतम**
बाबुको नाम : पृथीलाल गौतम
बाजेको नामः
ना.प्र.नं. : ९१/३००८
जारी जिल्ला : सिन्धुली
जारी मिति : २०३५।०७।२६

*तिर्नुपर्ने कर्जाको साँवा, ब्याँज, हर्जना तथा अन्य दस्तुर समेत रु. ८,६५,००० (अक्षरेपी आठ लाख पैसठी हजार मात्र) ।*

**धितो सुरक्षण विवरण**
जिल्ला : सिन्धुली जिल्ला सिद्धेश्वर, वडा नं. ४ ठ, कित्ता नं. ११७१, क्षेत्रफल ०-०-१३-० र सोजग्गाले चर्चेको घरजग्गा

**पुनश्च** : उपरोक्त व्यहोरा अर्न्तगत अनुरोध गर्दै सूचनाको म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन पुनः अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरु बमोजिम बिक्रीको कार्य हुने भएकाले उक्त दिन स्वयं उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिएका छ। उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा सहकारी आफैले सकार गरी लिएमा पछि कहि कतै उजुर, बाजुर दावि विरोध गर्न पाउनुहुने छैन। साथै यहाँहरुबाट सहकारीको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार गरी गरिएमा वा सहकारी आफैले सकार गरेमा समेत यो सूचना प्रकाशित मितिले ३० दिनभित्र उक्त सम्पत्ति खालि गरी सहकारीलाई हस्तान्तरण गर्नुहुन समेत सूचित गरिएको छ। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा सहकारीको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋण तथा व्यक्तिगत जमानी दिनेको अन्य श्री सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु।**
१. बोलपत्र फाराम यसै सहकारी संस्थाबाट कार्यालय समयभित्र रु ५००।- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नुपर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन आकस्मिक सहकारी विदा परेमा विदाको लगतै सहकारी खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ।
४. बोलपत्र आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकमा सकार गरी लिन चाहिने हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १०% ले हुन आउने धरौटी रकम संस्थाको **ज्योती विकाश बैंक** न्यूरोड शाखाको **खाता नं.** ०२४००१०००८६२०००००००१ मार्फत बुझाएको प्रमाण (भौचर) सिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि पढाउनु पर्नेछ। उक्त बाँकी सम्पूर्ण रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १०% रकम स्वतः जफत हुनेछ।
७. लिलामी बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकम फिर्ता माग गर्न पाइने छैन।
८. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने / नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहेनछ।
९. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ र लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनुहुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
१०. सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्त नबुझ्दो भएमा प्रचतिल कानून अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरि लिन सक्नेछ।
११. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा, बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टि आफैले तिर्नु पर्नेछ।
१२. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति** : २०८२।०९।०४ गते, शुक्रबार
**बोलपत्र खोलिने मिति र समय** : २०८२।०९।०६ बजे, आईतबार
**स्थान** : संस्थाको कार्यलय भवन, मखन काठमाडौं



**बहराइन र कतारमा रोजगार**

कम्पनी: AL HABARI TRADING CENTER WLL — शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०८०/११/०६ — चलानी नं.: ६०२१५१८१ — LT. No.: 300294 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५६३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper/cleaner | 8 | 0 | | 100 | ३७५३६ | | | | | | | |
| 3. | Heavy Driver | 5 | 0 | | 150 | ५६३०४ | | | | | | | |
| 4. | Light Driver | 3 | 0 | | 120 | ४५०४३ | | | | | | | |
| 5. | Supervisior | 2 | 0 | | 150 | ५६३०४ | | | | | | | |

कम्पनी : AL HABARI ENGINEERING — शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८१/०५/१९ — चलानी नं.: ६०२२४७४२ — LT. No.: 310111 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६५९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 1 | 0 | | 1000 | ३८८३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ५ गते (21 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com



**बहराइन र साउदिमा रोजगार**

१. कम्पनी : KNR SCAFFOLDING WLL — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८१/०५/३१ — चलानी नं.: ६०२२५४९२ — LT. No.: 310889 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 17 | 0 | स. काममा दक्ष | 120 | ४५,०४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : NEW DEMINSION CONTRACTING CO. W.L.L. — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/०३/३२ — चलानी नं.: ६०२४११८६ — LT. No.:327166 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 57 | 30 | स. काममा दक्ष | 100 | ३७,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : AL ENJAZ GENERAL FACTORY FOR INDUSTRY ESTABLISHMENT — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०४/२३ — चलानी नं.: ६०२४२६७४ — LT. No.:328831 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 1 | 0 | स. काममा दक्ष | 1200 | ४५,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ५ गते (21 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी १ र २ मा निःशुल्क र कम्पनी ३ मा रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com



**कुवेतमा रोजगार**

कम्पनी: NUME LADIES BEAUTY SALON CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०७/२७ — चलानी नं.: ६०२४७३४२ — LT. No.:333666

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ६९,१०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 3 | | 150 | ६९,१०६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ५ गते (21 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com



**बहराइनमा रोजगार**

कम्पनी : UNISKILLS W.L.L — शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०८१/१०/२७ — चलानी नं.: ६०२३२६५१ — L.T. No.: 318478 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 11 | 1 | स. काममा दक्ष | 100 | ३७,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ५ गते (21 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सुगम ओभरसिज प्रा. लि.**
SUGAM OVERSEAS PVT. LTD.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam1@gmail.com | Web: www.sugamoverseas.cm

# सन्तपुरको मेलामा खुलेआम जुवा, प्रहरीको मौनतामाथि स्थानीयको रोष

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ कात्तिक

रौतहटको चन्द्रपुर नगरपालिका-८ सन्तपुरमा जारी सामाचककेवा सन्तपुर मेला जुवाको अखडामा रूपान्तरण भएको आरोप स्थानीयले लगाएका छन् । कात्तिक १९ गतेदेखि सञ्चालनमा आएको सातदिने मेलामा लंगुर-बुर्जा, डाइसलगायतका जुवाका खेलहरू खुलेआम चलिरहेका छन् ।

स्थानीयका अनुसार मेलास्थलमा दर्जनौं ठाउँमा रातभर जुवाका स्टल सञ्चालनमा रहँदा वातावरण बिग्रिएको छ । राति अबेरसम्म हारजितका खेल चल्दा झगडा र विवाद बढ्न थालेको उनीहरूको गुनासो छ ।

प्रहरी उपस्थिति देखिए पनि नियन्त्रणका उपाय नअपनाएको भन्दै स्थानीयले प्रहरी प्रशासनप्रति असन्तोष व्यक्त गरेका छन् । ‘प्रहरीकै मिलोमतोमा जुवा चल्छ, पैसा उठ्छ,



र उनीहरू हेरेर हिँड्छन्,’ एक स्थानीयले आक्रोश पोखे ।

स्थानीयका अनुसार मेलामा खटिएका केही प्रहरी स्वयंले कमिसन लिएर जुवालाई संरक्षण दिएको शंका गरिएको छ । यस्तै, जुवाका कारण चोरी, मादक पदार्थ सेवन, भिडभाड र सुरक्षा जोखिम बढ्दै गएको बताइन्छ ।

यस विषयमा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रहरी नायब उपरीक्षक रुपा लाबुङले जुवाजन्य गतिविधि रोक्ने प्रतिबद्धता जनाउँदै भनिन्, ‘कुनै पनि जुवाको क्रियाकलाप सह्य हुँदैन, नियन्त्रण गरिनेछ ।’

तर स्थानीयले भने प्रहरीको प्रतिबद्धता र व्यवहारमा फरक रहेको आरोप लगाएका छन् । मेला सुरु भएको तीन दिन बितिसक्दा पनि कुनै ठोस कारबाही नभएको उनीहरूको भनाइ छ ।

सुरक्षा व्यवस्थामा कमजोरीका कारण बालबालिका, महिला र परिवारका लागि मनोरञ्जनको वातावरण कमजोर बन्दै गएको मेला हेर्न आएका एक शिक्षकले बताए ।

जुवाजस्ता अवैध गतिविधिले मेलाको सांस्कृतिक र सामाजिक महत्व छायामा परेको भन्दै स्थानीयले तत्काल नियन्त्रणका लागि जिल्ला प्रशासन र उच्च प्रहरी अधिकारीको ध्यानाकर्षण गराएका छन् ।

# अध्यक्ष घर्ती मगर र नेकपा नेता वलीबीच एक वर्षपछि सहमति



रोल्पा/मस- माडी गाउँपालिकाका अध्यक्ष अमर सिंह घर्ती मगर र नेकपाका केन्द्रीय वैकल्पिक सदस्य तथा माडी गाउँपालिका इन्चार्ज नेता सन्दीप वली करिब एक वर्षपछि सहमतिमा पुगेका छन् ।

माडी गाउँपालिकामा जेनजी पुस्ताले कात्तिक १४ गते आठ बुँदे मागपत्र पेश गर्दै एक हप्ताभित्र सर्वपक्षीय छलफल आयोजना गर्न आग्रह गरेका थिए । माडी-२ घर्तीगाउँमा भएको सर्वदलीय छलफलपछि सहमति गरिएको हो ।

२०७८ कात्तिक ११ गते माडी गाउँपालिका-१ को घोर्नेटी मेलामा भएको घटनापछि अध्यक्ष घर्ती मगर र नेता वलीबीच आरोप-प्रत्यारोपको अवस्था चलेको थियो । सार्वजनिक कार्यक्रम र सामाजिक सञ्जालमा दुबै एकअर्काप्रति विरोध र आरोप व्यक्त गर्दै आएका थिए । सहमति अनुसार जेनजीले उठाएको आठ बुँदे मागको बुँदा नम्बर ४ अन्तर्गत नेकपाका नेताहरु आदर्श र सन्दीप तथा अध्यक्ष घर्ती मगरबीच भएको भ्रष्टाचारसम्बन्धी छलफलमा, मेलामा भएका विवाद र वी.वाई.सी.एल. परिचालन गरी कालो झण्डा खोस्ने घटनामा अध्यक्ष घर्ती मगरले कमजोरी स्वीकार गर्नेछन् । साथै, सन्दीपमाथि भएको दुर्व्यवहारको विषय १ नम्बर वडा कार्यालयमा सम्बन्धित कृष्णकला घर्तीसँग बसेर छलफल गरी समाधान गरिने निर्णय गरिएको छ ।


**मलेसियामा रोजगार**
कम्पनी: THC RICE SDN. BHD.
पूर्व स्वीकृत मितिः २०८२/०७/२७
चलानी नं.: ६०२४७३१८
शहर: MALAYSIA
LT. No.: 333615

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehousemen | 7 | 0 | स. काममा दक्ष | 1700 | ५८,१५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ५ गते (21 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GSHR
श्रम इजाजत नं. १५८४/०७९/०८०
**GAURISHANKAR H. R. SOLUTIONS PRIVATE LIMITED**
Sinamangal, Kathmandu, Nepal. Tel : 5916185, 5917185. Mobile No: 9823238185.
E-mail: info@gshr.com.np, Website: www.gshr.com.np


# अपांगता भएका व्यक्तिलाई ह्वीलचेयर



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, २७ कात्तिक

सिरहा जिल्लाको नवराजपुर गाउँपालिका वडा नम्बर ४ र ५ मा अपांगता भएका व्यक्तिहरूलाई ८ वटा ह्वीलचेयर वितरण गरिएको छ । युवा नेता नवीन यादवको अगुवाइमा पद्मोदय फाउन्डेसनले आयोजना गरेको कार्यक्रममा यी ह्वीलचेयरहरू हस्तान्तरण गरिएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नवीन यादवले अपांगता भएका व्यक्तिहरू पनि समाजका सचेत नागरिक भएको भन्दै उनीहरूको जीविकोपार्जन र सम्मानजनक जीवनका लागि राज्यले विशेष ध्यान दिनुपर्ने बताए । ‘शारीरिक रूपमा अपांगता भए पनि उनीहरूमा बौद्धिक क्षमता उच्च हुन्छ । कसैले पनि उनीहरूलाई हेयको दृष्टिले हेर्नुहुँदैन,’ उनले भने ।

पद्मोदय फाउन्डेसन र नवीन यादवको सहकार्यमा भएको यो कार्यक्रमले अपांगता भएका व्यक्तिहरूको जीवन गुणस्तरमा सुधार ल्याउने उद्देश्य राखेको छ । कार्यक्रमको अध्यक्षता फाउन्डेसनका अध्यक्ष दीपेन्द्र महतोले गरेका थिए भने विशिष्ट अतिथिका रूपमा फाउन्डेसनका संरक्षक उपस्थित थिए । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा स्थानीयको सहभागिता रहेको थियो ।

# कटहरीको कृषि भवनमा सऱ्यो कोशी प्रदेश सभा सचिवालय

**प्रवेश विष्ट/मध्यान्ह**
विराटनगर, २७ कात्तिक

कोशी प्रदेश सभा सचिवालय मोरङको कटहरी गाउँपालिकास्थित कृषि बजारको भवनमा सरेको छ । जेनजी आन्दोलनका क्रममा आगलागी र तोडफोडबाट विराटनगरमा रहेको सचिवालय भवन जलेर नष्ट भएपछि कृषि भवनमा सारिएको हो ।

कोशी प्रदेश सभा सचिवालयका सूचना अधिकारी निरोज ढकालका अनुसार नयाँ भवनमा सभामुख, उपसभामुखसहित प्रमुख पदाधिकारीहरूको कार्यकक्षसमेत तयार पारिएको छ । सचिवालय व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको छ ।



अब यहीबाट प्रदेश सभा सचिवालय र प्रदेशसभा सञ्चालन हुने छ । ढकालले उक्त भवन प्रदेश सभाका लागि अस्थायी रूपमा प्रयोग गरिने जानकारी दिए ।

कोशीका सभामुख अम्बरबहादुर बिष्टले तरकारी बजारको भवनबाट व्यवस्थित रुपमा प्रदेशसभा सञ्चालन हुने र चाँडै प्रदेश सभा बैठक बस्ने जानकारी दिए । बिष्टले दलका प्रतिनिधि र सरकारसँग समन्व्य गरेर बैठक बोलाउने बताए ।

यसअघि सरकारले विराटनगरमा रहेको वीरेन्द्र सभा गृहबाट प्रदेश सभा सञ्चालन गर्ने तयारी गरे पनि महँगो भाडाका कारण कटहरीको कृषि भवनमा सारिएको हो ।

कोशी प्रदेश सभा सचिवमा खड्का नियुक्त लामो समयदेखि सचिवबिहीन रहेको कोशी प्रदेश सभाले करिब नौ महिनापछि नयाँ सचिव पाएको छ । संघीय संसद सचिवालयका पूर्वसचिव सुदर्शन खड्का प्रदेशसभाका सचिवमा नियुक्त भएका छन् ।

खड्कालाई कोशीका सभामुख अम्बरबहादुर विष्टको सिफारिसमा प्रदेश प्रमुख परशुराम खापुङले सचिवमा नियुक्त गरेका हुन् । खड्कालाई प्रदेशसभाको कटहरीस्थित नयाँ कार्यालयमा सभामुख विष्टले पद तथा गोपनीयताको शपथग्रहण गराए ।


**Qatar मा रोजगारको अवसर**
**Almirqab Facilities Management Company**
पूर्व स्वीकृती मितिः २०८२/७/२७
चलानी नं. : ६०२४७३३४
LT No. 333618

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Air.Condition Tech | 1 | 0 | काममा दक्ष | 1300 | ५०,५९०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Cooker | 3 | 0 | | 1500 | ५८,३७०।- | | | | | | | |
| ३. | Gen. Clean Worker | 41 | 5 | | 1000 | ३८,९१०।- | | | | | | | |
| ४. | Security Guard | 3 | 0 | | 1500 | ५८,३७०।- | | | | | | | |

**अन्तरवार्ता २०८२ मंसिर ५ गते (21 Nov., 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।**

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE


नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
## कोशी अस्पताल
विराटनगर, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
(प्रकाशित मिति २०८२/०७/२८)

यस अस्पतालबाट तपशिल बमोजिको सूचना प्रकाशन गरी विद्युतीय बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयावधी भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारका बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई छनौट भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्कानं | ठेक्काकोनाम | | स्वीकृतहुने बोलपत्रदाताको नाम | कबोलअंक रु. मुअकर सहित |
|---|---|---|---|---|
| KH/NCB/M-01/082-083 | Supply Delivery and Installation of Blood Bank setup | Package I | कुनै पनि बोलपत्रदाता छनौट नभएको | |
| | | Package II | श्री एशियन टेक्नो टेर्डस प्रा. ली.,काठमाण्डौ-१४, माइतीघर | १३,१८,१४५। |

